
# डिलासैनी गाउंपालिका

## उद्यम विकास रणनीतिक योजना

**आ.ब. २०७५/०७६–२०७९/०८०**





# डिलासैनी गाउँपालिका


## बैतडी

# सान्दर्भिक स्रोत नक्साहरु

## बैतडी जिल्लाको नक्सा




## स्थानीय तहको नक्सा
## डिलासैनी गाउँपालिका बैतडी



डिलाशैनी गाउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पंसेरा, बैतडी

७ नं. प्रदेश

गाउँ डिलाशैनी गाउँपालिका
कार्यपालिकाको कार्यालय
डिलाशैनी, बैतडी
७ नं. प्रदेश, नेपाल
२०७३



## मनतव्य

नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्न संरचना ७ वटा प्रदेशमा विभाजन भई संघ सरकार मार्फत ७५३ वटा नगर तथा गाउँ पालिकाबाट स्थानिय स्वायत शासन प्रक्रिया संग आवद्ध हुदै नेपालमा विकासका प्रयास एवं गरीवि निवारणका लागि विभिन्न कार्यक्रम योजना एवं कार्यान्वयन गरी रहेका छौं ।

बैतडी जिल्लाका दश ओटा स्थानीय तह मध्ये डिलाशैनी गाउँपालिकाको स्थानिय स्रोतको उपलब्धतामा आधारीत उद्यमहरुको वर्तमान अवस्था एवं विगतका प्रयासको समीक्षा गर्दै आउँदा दिनहरुमा वर्तमानमा संञ्चालित उद्यमको स्तर उन्नती एवं नयाँ उद्यमका सम्भावनालाई पहिचान गरी लघु उद्यम विकास कार्यक्रम (MEDEP), क्षेत्रीय कार्यक्रम सहयोग कार्यालय धनगढी, कैलाली को आर्थिक सहयोग र अप्सन्स् फर रिसर्च एण्ड डेभलभमेण्ट अन सस्टेनीविलिटी (ORDS) प्रा.लि.को प्राविधिक सहयोगमा क्षेत्रगत रणनैतिक "उद्यम विकास आवधिक योजना, २०७५" आ.व. ०७५/०७६ देखि ०७९/०८० तर्जुमा गरीएको छ ।

यस योजना तर्जुमाका लागी आर्थिक सहयोग गर्नु हुने लघु उद्यम विकास कार्यक्रम (MEDEP), क्षेत्रीय कार्यक्रम सहयोग कार्यालय धनगढी, कैलाली र प्राविधिक सहयोग गरि यस योजनालाई पुर्णता दिनु हुने अप्सन्स् फर रिसर्च एण्ड डेभलभमेण्ट अन सस्टेनीविलिटी (ORDS) प्रा.लि. एवं योजना तर्जुमाका लागी समय समयमा सहभागीता जनाई यस योजनालाई आवश्यक पर्ने सुचनाका साथै सुझाव सल्लाह दिनु हुने डिलासैनी गाउँपालिका कार्य समितिका पदाधिकारी, कर्मचारी, उद्यमी, सूचनादाता सबैमा सहयोगका लागि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

डिलासैनी गाउँपालिका बैतडीले यस रणनीतिक योजनाका आधारमा आगामी योजनाहरुको तर्जुमा गरी उद्यमका क्षेत्रका प्रस्तावित योजनाहरुलाई समेत अध्ययन विश्लेषण गरी बार्षिक रुपमा कार्यान्वयन प्रक्रिया अगाडी बढाउने छ । यस डिलासैनी गाउँपालिकालाई उद्यमका क्षेत्रमा रणनैतिक योजना निर्माण, कार्यान्वयन एवं मूल्याकंन गर्न सहयोग पुर्याउने साथै बिभिन्न दातृ निकायहरु र विकास साझेदारहरु संग कार्यक्रमको साझेदारी गर्न यो रणनीतिक योजना एउटा आधार दस्तावेजका रुपमा रहने प्रति पुर्ण विश्वस्त हुदै यसको सफल कार्यान्वयनका लागी प्रतिबद्धता व्यक्त गर्दछु ।

स-धन्यवाद ।

उकेन्द्र बहादुर बोहरा
अध्यक्ष

उकेन्द्र बहादुर बोहरा
गाउँपालिका अध्यक्ष

# Options for Research and Development on Sustainability Pvt. Ltd.



## कृतज्ञता ज्ञापन

यो उद्यम विकास रणनीतिक योजना, २०७५ आ.व. (०७५।०७६ देखि ०७९।०८०) को ५ बर्षे रणनीतिक योजना तर्जुमामा प्रक्रियामा हाम्रो कम्पनी अप्सन्स फर रिसर्च एण्ड डेभलभमेण्ट अन सस्टेनीविलिटी (ORDS) प्रा.लि. लाई निर्माण प्रक्रियाको साझेदारमा सम्झौता गरी जिम्मेवारी दिनु हुने डिलासैनी गाँउपालिका र लघु उद्यम विकास कार्यक्रम, क्षेत्रीय कार्यक्रम सहयोग कार्यालय धनगढी, कैलाली लाई धन्यवाद दिन चाहन्छु ।

यस योजना तर्जुमा प्रक्रियामा साथ एवं सहयोग प्रदान गर्नुहुने पूर्व योजना तर्जुमा र अन्तिम योजना तर्जुमा प्रक्रियाका सहभागिहरु, गाँउपालिकाका अध्यक्ष श्री उकेन्द्र बहादुर बोहरा, उपाध्यक्ष श्री पार्वती भण्डारी राना, एवं वडा अध्यक्ष ज्युहरु, उद्यमीहरु, माध्यमिक सूचना उपलब्ध गराउने विभिन्न जिल्ला स्थित विषयगत निकाय, विकास साझेदारहरु र जिल्ला लघुउद्यमीहरुको संघ, धन्यवादका पात्र हुनु हुन्छ । साथै लघु उद्यम विकास कार्यक्रम, क्षेत्रीय कार्यक्रम सहयोग कार्यालय कैलालीका बजार व्यवस्थापन विशेषज्ञ श्री बलराम शर्मा लाई बिशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी योजना तर्जुमाको चुस्त व्यवस्थापन गरिदिनु भएकोमा गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री चन्द्र देव जोशी ज्यू एवं अन्य कर्मचारीहरुलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

यो योजना तर्जुमामा सूचना संकलन गरी सहयोग गर्नु हुने योजना तर्जुमा उप समिति, एवं सूचनादाता, पुरा समय अमूल्य योगदान दिनुहुने सबै जन निर्वाचित प्रतिनिधिज्यूहरु लगायत सम्बन्धित बिषयगत निकायका कर्मचारीहरु तथा अन्य विविध समूहको प्रतिनिधित्व गर्नु हुने महानुभावहरु र बढो मेहनेतका साथ गाँउपालिका तहका बिबिध सूचनाहरु उपलब्ध गराई योजना तर्जुमालाई सहज बनाई दिनुहुने सरोकारवालाहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दै यस आवधिक रणनीतिक योजनाको पुर्ण सफलताका लागी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सधन्यवाद ।।।

**लोकेश लाल शाह**

**अध्यक्ष**

**अप्पसन्स् फर रीसर्च एण्ड डेभलभमेण्ट अन सस्टेनीविलिटी प्रा.लि.**

**काठमाण्डौ, १६, काठमाण्डौं ।**

# बिषय सुची

**लघु उद्यम विकासको ५ वर्षे रणनीतिक योजनाको संक्षिप्त झलक ........ 1**

**खण्ड १: पृष्ठभूमि........ 3**

१.१ स्थानीय तहको परिचय ........ 3

१.२ उद्यम विकास रणनीतिक योजना तर्जुमाको उद्देश्य........ 3

१.३ रणनीतिक योजनाको औचित्य ........ 3

१.४ रणनीतिक योजना तर्जुमा प्रकृया ........ 4

१.४.१ पुर्व योजना तयारी गोष्ठि : ........ 4

१.४.२ तथ्यांक संकलन र विश्लेषण विधि :........ 4

१.४.३ सहभागितात्मक योजना तर्जुमा गोष्ठी आयोजना ........ 4

१.४.३.१ तर्कवद्ध योजना पद्धति (Log Frame Approach) ........ 4

१.५ उद्यम विकास रणनीतिक योजनाको संरचना........ 5

१.६. गाउंपालिका उद्यम विकास रण्नीतिक योजनाको सिमा (Limitation) ........ 5

**खण्ड २ : वस्तुस्थिति विश्लेषण ........ 6**

२.१ स्थानीय तहको भौगोलिक अवस्था........ 6

२.१.१ भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन, कूल क्षेत्रफल : ........ 6

२.१.२ भु–वनौट/हावापानी, जलवायु, माद्दो, आदीको आधारमा गाउपालिका को विभाजन : ........ 6

२.१.३ माटोको वनावट तथा उर्वरा शक्ति : ........ 6

२.१.४ भु–क्षय सम्भावित क्षेत्र :........ 6

२.१.५ जलशक्तिको विवरण (नदी, खोला, ताल, पोखरी, आदी) : ........ 6

२.१.६ वन तथा वातावरण :........ 6

२.२ जनसंख्या........ 6

२.३ भौतिक पूर्वाधार........ 7

२.४ भू-उपयोग, वस्ती विकास र सहरीकरण ........ 7

२.४.१ सामाजिक सेवा अर्न्तगत :........ 8

२.४.२ शिक्षाको विकास :........ 8

२.४.३ स्वास्थ्य क्षेत्रको विकास :........ 8

२.४.४ पूर्वाधार विकास : ........ 8

२.४.५ सडक विकास : ........ 8

२.४.६ विद्युतिकरण विकास :........ 8

२.४.७ खानेपानी सेवाको अवस्था : ........ 8

२.४.८ संस्थागत तथा क्षमता विकास : ........ 8

२.४.९ कृषि, वन तथा वातावरण विकास : ........ 8

२.४.१० औधोगिक तथा खनिज विकास : ........ 9

२.५ स्थानीय तहको आर्थिक गतिविधि, बजार सन्तुलन, रोजगारीको अवस्था र लगानीका क्षेत्रहरु ........ 9

२.६ स्थानीय तहमा उद्यम विकाससम्बन्धी सेवा प्रदायकहरु ........ 11

२.७ स्थानीय तहमा उद्यम विकाससम्बन्धी विगतमा भएका प्रयासहरु ........ 12
२.८ श्रोत सम्भाव्यताको अवस्था (उपलब्ध कच्चा पदार्थ, ......) ........ 12
२.९ बजारीकरणको अवस्था ........ 12
२.१० स्थानीय स्तरमा रहेको संघसंस्था तथा लघुवित्त सुविधाको अवस्था ........ 13
क) स्थानिय स्तरमा रहेका संघसंस्थाहरु ........ 13
ख) स्थानिय स्तरमा रहेका वित्तिय तथा बचत सहकारी संस्थाहरु ........ 13
२.११ पर्यटन विकासको अवस्था ........ 14
२.१२ उद्यम विकाससम्बन्धी सीप, स्थानीय प्रविधि र हाल सञ्चालनमा रहेका उद्यम व्यवसायहरु ........ 15
२.१३ उद्यम विकाससम्बन्धी समस्या ........ 15
२.१४ उद्यम विकासका चुनौतिहरु ........ 16
२.१५ स्थानीय तहमा उद्यम विकासको अवसरहरु ........ 16
**खण्ड ३: उद्यम विकास रणनीतिक योजना २०७५/०७६– २०७९/०८० ........ 17**
३.१ परिचय (Introduction) ........ 17
३.२ निर्देशक सिद्धान्त (Guiding Principle) ........ 17
३.२.१ सहभागितामूलक पद्धतिको अवलम्वन : ........ 18
३.२.२ दिगो विकासको अवधारणा अवलम्वन : ........ 18
३.२.३ लैंगिक समता, समानता तथा सामाजिक समावेशीकरण : ........ 18
३.२.४ सुशासनको प्रवर्द्धन : ........ 18
३.२.५ समुदायको परिचालन विकासको मूल आधार : ........ 18
३.३ परिकल्पना (Vision) ........ 18
३.४ लक्ष्य (Goal) ........ 18
३.५ उद्देश्य (Objectives) ........ 18
३.६ नतिजा (Output/Result) ........ 18
३.६.१ रोजगारीको अवसरमा बृद्धि : ........ 18
३.६.२ आर्थिक बृद्धि : ........ 19
३.६.३ श्रोतको दिगो परिचालन : ........ 19
३.६.४ गरिवी न्यूनीकरणमा सहयोग : ........ 19
३.६.५ बातावरणमा सकारात्मक प्रभाव ........ 19
३.६.६ सामाजिक समावेशीकरण तथा जनसहभागिता ........ 19
३.७ रणनीति (Strategy) ........ 19
३.८ प्रमुख कार्यक्रमहरु (Priority Program) ........ 22
३.९ परिमाणात्मक परिलक्ष्य (Quantitative target indicators) ........ 22
३.१० तर्कवद्ध योजना खाका (Logical Framework) ........ 24
३.११ वित्तीय व्यवस्थापन (Fiscal Management) ........ 28
३.१२ रणनीतिक योजनाको बजेट (Budget Sheets) ........ 30

३.१३ जनशक्ति (Human Resource) ........ 36
३.१४ जिम्मेवारी तालिका (Responsibility Matrix) ........ 36
३.१५ प्रतिवद्धता (Commitment) ........ 37
**खण्ड-४: अनुगमन तथा मूल्याङ्कन ........ 38**
४.१ अनुगमन ........ 38
४.२ नतिजा मापन ........ 38
४.३ प्रतिवेदन ........ 38
४.४ मूल्याङ्कन ........ 38
**खण्ड-५: अनुसूचीहरु ........ 40**
अनुसुची १ : लघुउद्यमी सृजना र विकास गर्ने क्रमिक प्रक्रिया ........ 40
अनुसुची २ : लघु उद्यम विकास तथा प्रवर्द्धनका लागि सरकारका तर्फबाट भएका नीतिगत व्यवस्थाहरु : ........ 41
अनुसुची ३ : सन्दर्भ सामाग्रीहरु ........ 42
अनुसुची ४ : योजना तर्जुमा कार्यमा संलग्न जनशक्तिको बिवरण ........ 43
अनुसुची ५ : योजना तर्जूमा प्रारम्भिक गोष्ठीमा सहभागीहरुको नामावली ........ 44
अनुसुची ६ : योजना तर्जूमा अन्तिम गोष्ठीमा सहभागीहरुको नामावली ........ 47
अनुसुची ७ : समस्या बिश्लेषण तालिका ........ 48

# लघु उद्यम विकासको ५ वर्षे रणनीतिक योजनाको संक्षिप्त झलक

| | | |
|---|---|---|
| प्रदेश नं. | ७ | |
| जिल्ला | बैतडी | |
| कार्यक्रम अवधि | ५ वर्ष (२०७५/०७६-२०७९/०८०) | |
| कार्यान्वयन गर्ने मुख्य निकाय | डिलासैनी गाउंपालिका बैतडी | |
| उद्यम बिकास कार्यान्वयनमा संलग्न हुने निकायहरु | ✓ डिलासैनी गाउपालिका बैतडी<br>✓ कृषि शाखा<br>✓ उद्योग विकास शाखा<br>✓ पशुसेवा शाखा<br>✓ महिला तथा बालबालिका शाखा<br>✓ वन कार्यालय<br>✓ वन उपभोक्ता महासंघ<br>✓ कार्यरत गैरसरकारी संघसँस्थाहरु | |
| आर्थिक सहयोग | **लघु उद्यम विकास कार्यक्रम (मेडेप), क्षेत्रीय कार्यक्रम सहयोग कार्यालय, धनगढी** | |
| प्राविधिक सहयोग | **अप्सन्स् फर रीसर्च एण्ड डेभलभमेण्ट अन सस्टीनीविलिटी प्रा.लि.** | |
| कार्यक्रमले समेट्ने क्षेत्रहरु | गाउंपालिकाका ७ बटा वडाहरुका सबै बस्तीहरु | |
| **वित्तीयस्रोत** | **बजेट प्राप्त हुने स्रोत तथा शिर्षकहरु :** | **अनुमानित बजेट** |
| | डिलासैनी गाउंपालिकाबाट | १,१७,००,००० |
| | कृषि बिकास शिर्षक बाट, खर्च हुने | ३०,९७,२०० |
| | पशुसेवा शिर्षक बाट खर्च हुने | ३०,९०,००० |
| | वन तथा सा.ब.उ.संघ बाट खर्च हुने | ३०,८५,००० |
| | महिला तथा वालवालिका शिर्षक बाट खर्च हुने | २९,५३,८०० |
| | उद्योग विकास शाखा बाट खर्च खर्च हुने | ५७,८७,४०० |
| | अपुग रकम जुटाउन NGO/INGO तथा अन्य दातृ निकाय संग पहल गर्नु पर्ने रु | ६०,००,२०० |
| | **जम्मा** | ३,५७,१३,६०० |
| **५ बर्षमा सृजना हुने उद्यमीको संख्या** | **५३२** | |
| **५ बर्षमा सृजना हुने रोजगारीको संख्या** | **७३८** | |
| **परिकल्पना** | " समुन्नत उद्यमि ,समृद्ध डिलासैनी हाम्रो सान र पहिचान" | |

| | |
|---|---|
| **लक्ष्य** | यस डिलासैनी गाउपालिकाको लघुउद्यम बिकास योजनाको मूल लक्ष्य भनेको गाउंपालिका क्षेत्रमा छरिएर रहेका श्रोत तथा सीपमा आधारित लघु तथा घरेलु उद्यमहरुको स्थापना तथा विकास गरी थप ७० प्रतिशत लक्षित समूहका परिवारको आयस्तरमा सुधार ल्याई जीवनस्तरमा सुधार ल्याउने तथा कतिपय लघु उद्यमहरुको साना उद्योगमा स्तरोन्नती गर्ने हो:<br>लक्षका सूचकहरु:<br>● योजनाको अन्त्य सम्ममा नयाँ उद्यम स्थापना गर्ने उद्यमी मध्ये ७० प्रतिसत उद्यमीको आयमा कम्तिमा पनि ६० प्रतिसतले बृद्धि भएको हुनेछ ।<br>● लघु उद्यममा रोजगारी पाउँने मध्ये कम्तिमा पनि ६५ प्रतिसतको आयमा ६० प्रतिसतले बृद्धि भएको हुँनेछ ।<br>● स्तरोन्नतीको सेवा पाएका मध्ये कम्तिमा पनि २५ प्रतिसत लघु उद्यमहरु साना उद्यममा परिणत भएका हुँनेछन । |
| **उद्देश्य** | लक्षित बर्गको जनताको समृद्धिका लागी **डिलासैनी** गाउपालिकामा छरिएर रहेका परम्परागत सीप, शिल्पीहरु तथा स्रोत साधनको पहिचान गरि लघु घरेलु तथा साना उद्योगको स्थापना तथा स्तरोन्नति गरि थप रोजगारीको श्रृजना गरी विपन्न बर्गका समुदायका मानिसको जीवनस्तरमा सुधार भएको हुनेछ । |
| **मुख्य कार्यक्रमहरु** | |
| १ | स्रोत सम्भाव्यता अध्ययन तथा लक्षित समूह पहिचान |
| २ | उद्यमशीलता विकासका लागि सामाजिक परिचालन |
| ३ | उद्यमशीलता विकास तालीम |
| ४ | प्राविधिक सिप विकास तथा पुराना उद्यमको स्तरोन्नती गर्ने । |
| ५ | बित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका अन्य पात्रहरुको पहुच बृद्धि |
| ६ | उपयुक्त प्रविधि सम्बन्धन विस्तार |
| ७ | मूल्य श्रृङ्खलाको विकास तथा बजार संगको सम्बन्ध विकास र व्यवस्थापन, |
| ८ | व्यवसायिक परामर्श सेवा |
| ९ | मानवश्रोत व्यवस्थापन तथा संस्थागत विकास |
| १० | प्राबिधिको विकास तथा प्रविधि परिबर्तन |
| ११ | लघु उद्यमीहरुको लागी घुम्ति कोषको रुपमा उद्यम विकास कोषको व्यवस्था |

# खण्ड १ः पृष्ठभूमि

## १.१ स्थानीय तहको परिचय

नेपालको संविधान, २०७२ र स्थानिय निकाय संञ्चालन ऐन, २०७४ ले  स्थानीय निकायहरु (जिल्ला समन्वय समिति, नगरपालिका र गाउंपालिकाहरुलाई) स्थानीय सरकारको रुपमा स्थापित गरेको छ। कानूनमा नै व्यवस्था गरी साधन श्रोत तथा जनशक्ति सहित अधिकारको निक्षेपण गर्ने कार्यको आरम्भ भएको छ।

डिलासैनी गाउंपालिका पुनः संरचना हुनु पूर्व ५ वटा गाविस ( कोटपेटरा, रुद्रेश्वरं, गोकुलेश्वर, डिलासैनी, र मठैराज) समेटेर गठन भएको गाउँपालिका हो।  यो गाउँपालिका बैतडी को सदरमुकाम मा अवस्थीत दशरथचन्द नगरपालिका को उत्तरतिर अवस्थीत छ। हाल गाउँपालिकामा ७ वटा वडाहरु छन्।

नेपाल सरकारले अधिकार निक्षेपणबाट स्थानीय स्तरको विकास निर्माण र सेवा प्रवाहमा स्थानीय निकायहरुलाई पूर्णतः जिम्मेवार बनाउने उद्देश्य राखिएको छ। यसै अनुरुप जिल्ला स्तरमा जिल्ला समन्वय समितिले र स्थानिय तह नगरपालिका एवं गाउंपालिका मा दीर्घकालिन सोचका साथ पाश्र्वचित्र, आवधिक नगरपालिका / गाउंपालिका योजना एवं क्षेत्रगत योजना तर्जुमा गर्ने कार्यको थालनी भएको छ। प्रत्येक स्थानीय निकायहरुले आफ्नो क्षेत्रको क्षेत्रगत विकासका लागि आवधिक तथा वार्षिक योजना निर्माण गरी साधन श्रोतको आधारमा ती विकास योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न सक्ने व्यवस्था स्थानिय निकाय संञ्चालन ऐन, २०७४ ले गरेको छ। यही प्रावधान अनुरुप बैतडी  जिल्लाको डिलासैनी गाउँपालिकाले आफ्नो क्षेत्रको स्थानीय श्रोत साधनको प्रभावकारी परिचालन र प्रवर्द्धन गरी स्थानीय जनसमुदायको जीवनस्तरमा सुधार ल्याउने मूल उद्देश्यले पाचं वर्षे गाउंपालिका उद्यम विकास रणनीतिक योजना निर्माण गर्न लागेको हो।

समुदायमा रहेको सकृय, अर्ध सकृय तथा अदक्ष जनशक्तिलाई उद्यमशिलताका क्षेत्रमा सशक्तिकरण गरी स्थानीय स्तरमा छरिएर रहेका साधन श्रोतहरुलाई योजनाबद्ध रुपमा परिचालन गर्न यो गाउपालिकां उद्यम विकास योजनाले मार्ग दर्शन गर्ने अपेक्षा राखिएको छ। यो गाउपालिकां उद्यम विकास योजना तर्जुमा गर्दा आगामि पाचं वर्षका लागि गाउंपालिका उद्यम विकास कार्यक्रम तथा बजेट प्रक्षेपण गरिएको छ। यो क्षेत्रगत योजनाको कार्यविधी ०७५/०७६ देखि ०७९/०८० पांच वर्षको हुनेछ।

## १.२ उद्यम विकास रणनीतिक योजना तर्जुमाको उद्देश्य

यो गाउपालिकां उद्यम विकास योजना कार्यान्वयन गर्दा नेपाल सरकार बाट प्राप्त गरीने विकास कार्यक्रम अन्तर्गतको रकम, गाउंपालिकाको निजि श्रोत बाट हुने आम्दानी र विभिन्न सरकारी एवम् गैर सरकारी संस्था बाट सहयोग स्वरुप प्राप्त हुने रकम तथा जनश्रमदान बाट डिलासैनी गाउपालिका भित्रका लक्षित वर्गमा कार्ययोजना तर्जुमा गरी प्राथामिकताको आधारमा कार्यान्वयन गरीने छ। मुख्य रुपमा कृषि, वन, सेवा सम्वन्धी उद्यम व्यवसायहरु योजनाबद्ध रुपमा  सञ्चालन गरी उद्यम तथा उद्यमिहरु निर्माण गर्नु नै यस योजनाको उद्देश्य राखिएको छ।

## १.३ रणनीतिक योजनाको औचित्य

उपलब्ध श्रोत तथा साधनको अधिक्तम परिचालन गरी उद्देश्य अनुसार नतिजा प्राप्त गर्नका लागी योजनाको आवश्यकता पर्दछ। उद्देश्य , लक्ष्य , कार्यनिति , कार्यविधी , नियम, कार्यकम तथा बजेटको व्यवस्थित संयोजनवाट योजना बन्दछ। हालको अवस्था के छ , चाहेको अवस्था कस्तो हो र त्यसका लागी कस्तो कार्यक्रम तय गरेर त्यो अवस्थामा पुग्ने भनेर सुझबुझका साथ अगाडी बढ्न जरुरी छ। गाउपालिका स्तरमा योजना छनौटका सम्पूर्ण प्रकृया पुरा गरी परियोजना तयार गर्ने, त्यसको कार्यान्वयन र प्रभावकारीता मूल्याङ्कन गर्ने सँस्कृतिको विकास गर्नका लागी योजना बद्ध विकासको वाटोमा हिड्न आवश्यक देखिन्छ। कति समय सम्ममा कति उपलब्धी हासिल गर्ने , त्यसका लागी आवश्यक श्रोत तथा साधन कति र कसरी जुटाउने, मानवीय शक्तिको व्यवस्थापन कसरी गर्ने , लगानी अनुरुपको नतिजा/परिणाम हात पर्‍यो कि परेन भनेर प्रभावकारीता मूल्याङकन गर्ने कार्यको सिलसिलेबार र लिखीत ढाँचामा योजना ल्याउनु पर्ने आबश्यकता महसुस गरिएकाले बैतडी जिल्लाको

डिलासैनी गाउपालिका ले गाउं उद्यम विकास योजनाको ५ बर्षे आवधिक रण्नीतिक योजना तयार पार्ने आवश्यक ठानिएको हो ।

विकासका विभिन्न मोडलहरु परियोजना तथा गैर सरकारी संघ संस्थाहरुले ल्याउने गर्दछन् र आफ्नो अवधि पुरा भएपछि त्यसलाई अस्तब्यस्त छाडिदिनाले प्रभावकारीतामा दिगोपना आउन नसकी ठूलो धनराशी खेर जाने गरेको छ तर त्यसो हुन बाट रोक्न आफ्नो गाउँपालिका स्तरवाट सकेको प्रयास गर्ने अठोटका साथ लघुउद्यम विकास कार्यक्रमको मोडल यस गाउँपालिकामा आन्तरिकीकरण गर्नु परेको हो । यस कार्यले गाउँपालिका भित्रका श्रोतको लेखाजोखा भई संम्भाब्य उद्यम के हुन सक्छ भन्ने बारेमा वाटो प्रशस्त गर्दछ । गाँपालिकामा सशक्तिकरणका कार्यक्रमहरु को सार्थकता सिद्ध गर्नका लागी यो आवधिक रणनीति योजनाको आवश्यकता महसुस गरिएको छ । गाँउपालिकामा पिछडीएका महिला, आदिवासी जनजाती, दलित, अति गरीव, विकासका मूल प्रवाहबाट बाहिरीएका तथा सामाजिक वहिष्करणमा परेर त्रसतीपूर्ण जीवन निर्वाह गरिरहेका जनतालाई सकारात्मक विभेद नीतिका रुपमा सामाजिक समावेशीकरण गर्न आवश्यक भनी समय सापेक्ष योजना तयार गरी विकासको प्रकृयामा अगाडी वढ्न आवश्यक देखिएका ले उपयुक्त यो मोडलको दायरा भित्र रहेर यो उद्यम विकासको ५ वर्षे आवधिक योजना वनाइएको छ ।

## १.४ रणनीतिक योजना तर्जुमा प्रकृया

### १.४.१ पुर्व योजना तयारी गोष्ठि :

डिलासैनी गाउंपालिका स्तरमा अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष, प्रमुख प्रसासकिय अधिकृत, स्थानिय बुद्धिजीवी, स्थानिय लधुउद्यमी लगायत सम्वन्धित सरोकारवालाहरुको निर्णयबाट मिति २०७५ जेष्ठ ८ गतेको पूर्व योजना तर्जुमा गोष्ठी सम्पन्न गरीयो । सूर्नया गाउपालिका र वडाहरुमा गाउं उद्यम विकास योजना तर्जुमाका लागि बडा स्तरमा र बस्ती स्तरमा छलफल गरी योजना निर्माणको आवश्यक तयारी गरीयो । वडास्तरमा सम्पुर्ण सरोकारवालाहरु - नेताहरु, स्थानिय बुद्धिजिवीहरु, शिक्षक, सामाजिक कार्यकर्ताहरु, उद्यमी एवं सरोकारवाला संघ संस्थाका प्रतिनीधिहरुको विच छलफल गरी बडा अन्तरगत रहेका सवै वस्तिहरुमा गाउँपालिका उद्यम विकास रणनीतिक योजना तर्जुमा मार्गदर्शन, २०६९ र गाउपालिकाँ उद्यम विकास योजना तर्जुमा कार्यान्वयन कार्यविधि तथा सञ्चालन निर्देशिका, २०६७ ले व्यवस्था गरे अनुसारको प्रथम चरणका क्रियाकलापहरु सम्पन्न गर्नुपर्दछ । उद्यम विकास रणनीतिक योजना तर्जुमा मार्गदर्शन (नमूना), भाद्र २०७४ उक्त कार्य सहज रुपमा सञ्चालन गर्न सामाजिक परिचालक वा परामर्शदाताको सहजिकरणको आवश्यकता रहेकोछ ।

### १.४.२ तथ्यांक संकलन र विश्लेषण विधि :

लघु उद्यम विकास कार्यक्रमको प्राविधिक सहयोगमा गाउपालिकां उद्यम विकास योजना तर्जुमा गर्ने क्रममा बैतडी जिल्ला अर्न्तगत डिलासैनी गाउपालिका छनौट गरिएकोछ । यस गाउंपालिका का स्थानीय वासिन्दाहरु संगको मिति २०७५ जेष्ठ ८ गते सम्पन्न छलफल (Focus Group Discussion), सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA) मार्फत संकलित सुचना र डिलासैनी गाउंपालिका मा उपलब्ध Secondary Source को आधारमा प्राप्त सुचना तथा तथ्यांक संकलन गरी विश्लेषण गरिएको छ ।

### १.४.३ सहभागितात्मक योजना तर्जुमा गोष्ठी आयोजना

यस योजना तर्जुमाका लागि डिलासैनी गाउँपालिका अन्तरगत रहेको वडाका स्थानीय जनसमुदाय बिच एक दिने छलफल आयोजना गरी सो बाट प्राप्त जानकारी अनुसार यो नमुना योजना तयार गरिएको छ ।

#### १.४.३.१ तर्कवद्ध योजना पद्धति (Log Frame Approach)

यो आवधिक योजना तर्जुमा गर्दा तर्कवद्ध योजना पद्धतीलाई अवलम्वन गरिएको छ । क्षेत्रगत रुपमा सूचनामा उपलब्ध भएमात्र समस्या तथा अवसरहरुलाई सम्बोधन गर्ने गरी लक्ष्य तथा उद्देश्यहरु क्रमवद्ध रुपमा राखिएका छन् ।

## १.५ उद्यम विकास रणनीतिक योजनाको संरचना

यस योजना तर्जुमा प्रतिवेदनले ५ वटा खण्डमा गरी प्रतिवेदनलाई मूर्तरुप दिएको छ । जस अन्तर्गत खण्ड १ पृष्ठभूमिमा छोटकरी परिचय, गाउँ उद्यम विकास रणनीतिक योजनाको उद्देश्य, औचित्य, प्रकृया समावेश गरिएको छ भने खण्ड २ अन्तर्गत को वस्तुगत विश्लेषण, खण्ड ३ अन्तर्गत उद्यम विकास रणनीतिक योजनाको विस्तृत विवरण र खण्ड ४ मा अनुगमन तथा मूल्याङ्कनका प्रकिया वारे प्रस्तुत गरिएको छ भने खण्ड ५ मा अनुसुचीहरु समावेश गरिएको छ ।

## १.६. गाउंपालिका उद्यम विकास रण्नीतिक योजनाको सिमा (Limitation)

१. यो गाउंपालिका उद्यम विकास रणनीतिक योजना छोटो समयमा डिलासैनी गाउपालिकाको वडाहरु र स्थानीय बासिन्दा बिच छलफल गरी तयार पारिएको हो । आवश्यक सुचनाका लागि गाउपालिका, सरोकारवाला संघ संस्थाहरु, जिसस, विषयतगत कार्यलयहरु संग समन्वय एवं सहकार्य गर्न सकिएको छैन ।

२. प्रथम चरणको अभ्यासका लागि वडा एवं बस्ति स्तरको एक दिने छलफलमा आधारित सुचनालाई मुख्य श्रोतका रुपमा प्रस्तुत गरिएको छ । वडा एवं वस्तिबाट प्राप्त भएका उद्यम विकास योजनाहरुको वडा स्तरमा हुने प्राथमिकिकरण, विश्लेषण र तत्पश्चात तेश्रो चरणमा गाउपालिका स्तरमा उद्यम विकास योजनाहरुको पुन समिक्षा, विश्लेषण तथा प्राथमिकिकरणको प्रकृया पुरा गर्न सकिएको छैन । तर आवधिक गाउपालिकां उद्यम विकास योजनाका लागि आवश्यक पुर्ण खाकाको स्वरुप यस गाउंपालिका उद्यम विकास योजनामा समावेश गरिएको छ । तसर्थ सम्वन्धित कुनै पनि वडाले यस नमुना गाउपालिकां उद्यम विकास योजनाले प्रस्तुत गरेको संरचनाका आधारमा गाउपालिकां उद्यम विकास योजना तर्जुमा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

३. योजना तर्जुमा आफैमा जटिल कार्य हो । यसका लागि डिलासैनी गाउंपालिका तहको अद्यावधिक प्रोफाईल चाहिन्छ तर भरखरैमात्र स्थानीय तहको गठन भएको हुदा प्रोफाईल अद्यावधिक भै नसक्दा गोष्ठीका सहभागिहरुबाट पाईएको सूचना र अन्य Secondary Information लाई आधार मानेर तथ्यहरु समावेश गरिएको छ ।

४. उद्यमहरुको एकिकृत रेकर्ड गाउपालिकामा नभएको र उद्योग शाखामा पनि साविकमा जिल्ला उद्योग विकास शाखा कार्यालय अन्तरगत भएको उपलब्धीहरुको मात्र रेकर्ड भएको हुँदा अन्य निकायहरुले उद्यम विकास सम्बन्धि गरेका उपलब्धिहरुको यथार्थ डाटा पाउन जटील भएको ।

# खण्ड २ : वस्तुस्थिति विश्लेषण

## २.१  स्थानीय तहको भौगोलिक अवस्था

### २.१.१ भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन, कूल क्षेत्रफल :

बैतडी जिल्लाका १० वटा स्थानिय तह जसमा ४ वटा नगरपालिका र ६ वटा गाउंपालिका अवस्थीत छन् । डिलासैनी गाउंपालिका बैतडी जिल्लाका १० स्थानिय तह मध्येको १ गाउपालिका हो । हालको संघिय संरचना अनुसार  ७ नं. प्रदेश को महाकाली अञ्चल को पहाडी जिल्लामा अवस्थीत छ । यस गाउँपालिको पूर्वमा बझांग जिल्ला, पश्चिममा दार्चुला जिल्ला, उत्तरमा दार्चुला जिल्ला र दक्षिणमा दोगडाकेदार गाउंपालिका,  पूचौंडी नगरपालिका अवस्थीत छन् । यस गाउंपालिको कुल क्षेत्रफल १२५.२८ वर्ग मिटर रहेको छ ।

### २.१.२ भु–वनौट/हावापानी, जलवायु, माद्यो, आदीको आधारमा गाउपालिका को विभाजन :

डिलासैनी  को अधिकासं क्षेत्र भिरालो रहेको ले  माटोको प्रकृति जमिनको सतह अनुसार फरक रहेको छ । पहाडको माथिलो भागमा दोमट, चिम्ट्याईलो माटो बढी रहेको छ भने नदी खोलाको किनारको माटो वलौटे, पांगो तथा कालो माटो रहेको पाईन्छ ।

### २.१.३ माटोको वनावट तथा उर्वरा शक्ति :

डिलासैनीको अधिकासं क्षेत्र भिरालो रहेको ले  माटोको प्रकृति जमिनको सतह अनुसार फरक रहेको छ । भिरालो जमीन का कारण उर्वरा माटोको क्षयीकरणले गर्दा चिम्टाईलो माटो, बलौटे र फुसरो माटो देख्न पाईन्छ । यस गाउपालिकाको तल्लो भेग देखि उच्च पहाडी भागमा बलौटे माटो, दोमट माटो, चिम्टाईलो दोमट माटो, चिम्टाईलो माटो पाईन्छ । गाउपालिकामा बलौटो, दोमट, रातोमाटो, सेतो कमेरो खानी, ढुग्यान र पत्थरयुक्त माटो र वेसीमा पागों तथा कालो बलौटे माटो रहेको पाईन्छ ।

### २.१.४ भु–क्षय सम्भावित क्षेत्र :

यस गाउपालिका क्षेत्रमा पर्ने डिलासैनीको वगर क्षेत्र र साना खोलाहरु को वगर क्षेत्र भुक्षय हुने सम्भावित क्षेत्रमा पर्दछन् । हाल आएर जथाभावि रुपमा प्राविधिक नाप नक्सा विना बाटो को सतहको भिरालोपनको ग्रेडिगं नमिलाई मेसिनको प्रयोग भई निमार्ण भई रहेका सडक र बाटोघाटो पनि भुक्षय सम्भावित क्षेत्र भित्र रहेका छन् ।

### २.१.५ जलशक्तिको विवरण (नदी, खोला, ताल, पोखरी, आदी) :

यस गाउपालिका क्षेत्रमा चौलानी नदी, जमाडी गाड, धामीगाउं खोला, खुमटं खोला, ले सिचाई पानी, घटट् संञ्चालन हुने सम्भावना रहेको र अन्य खोलाहरुमा बग्नेपानी भएकोले ट्राउट माछा पालन सञ्चालन को सम्भावना रहेको छ ।

### २.१.६ वन तथा वातावरण :

| विवरण | क्षेत्रफल (हेक्टर) | स्थान र संख्या | आपुर्ती | | | प्राप्त आम्दानी रु |
|---|---|---|---|---|---|---|
| | | | काठ | दाउरा तथा घास | जडिवुटि | |
| सामुदायिक वन | ३१९८.५३ | ३३ | | | | |
| निजी वन | | | | | | |
| कवुलियती वन | ३८.०६ | ७ | | | | |
| सरकारी बन | | | | | | |

*( जिल्ला वन कार्यालय वार्षिक प्रतिवेदन २०७३।०७४)*

## २.२ जनसंख्या

### गाउपालिकाको कूल जनसंख्या

| | |
|---|---|
| गाउँपालिका | डिलाशैनी |
| क्षेत्रफल | १२५.२८ वर्ग कि.मि. |

| | |
|---|---|
| वडा | ७ वटा |
| जनसंख्या | २२९२४ ( पुरुषः १०९९०, महिला : ११९३४) |
| केन्द्र | साविकको डिलाशैनी गाविसको कार्यालय |
| सिमाना | पूर्वमा : बझांग जिल्ला, पश्चिममा : दार्चुला जिल्ला |
| | उत्तर : दार्चुला जिल्ला दक्षिण : पूर्चौडी नपा, दोगडाकेदार गापा |

**गाउपालिकाको जनसंख्या वार्ड अनुसार**

| नगर । गाउ पालिका | वडा | साविक गाविस र वडा | घरधुरी संख्या | पुरुष | महीला | जम्मा |
|---|---|---|---|---|---|---|
| डिलाशैनी गाऊपालिका | १ | कोटपेटरा (१-५) | ५३९ | १६७० | १६७४ | ३३४४ |
| | २ | कोटपेटरा (६-९) | ५१३ | १५४८ | १५४८ | ३०९६ |
| | ३ | रुद्रेश्वर (१-९) | ६९६ | १७४० | १९७२ | ३७१२ |
| | ४ | मठैराज (१-९) | ५३७ | १४६१ | १५४३ | ३००४ |
| | ५ | डिलाशैनी (१-३)र गोकुलेश्वर(७-९) | ६८३ | १६७४ | १९६१ | ३६३५ |
| | ६ | गोकुलेश्वर (१-६) | ४७२ | ११३१ | १४२३ | २५५४ |
| | ७ | डिलाशैनी (४-९) | ६७० | १७६६ | १८१३ | ३५७९ |
| **hDdf** | | | **4110** | **10990** | **11934** | **22924** |

*(श्रोत : संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, २०७३)*

## २.३ भौतिक पूर्वाधार

डिलासैनी गाउपालिका अन्तरगत भौतिक पुर्वाधारको अवस्था समान्य रहेको छ । यस गाउपालिका अन्तरगत सडक निर्माणधिन अवस्थामा रहेको छ र सबै स्थानमा सडक सुबिधा पुगेको छैन । यस गाउपालिकाको पश्चिम क्षेत्रमा वडा नं. ६ बैतडी दार्चुला जोडने कालो पत्रे राजमार्गले छोएको छ भने उत्तर पट्टी चौलानी नदीको किनार हुदै बलाच विद्युत पावरहाउस सम्म जोडने सडक बिस्तार भई कालोपत्रे गर्ने तयारी अवस्थामा रहेकोछ । गाउपालिकामा स्वास्थ्य चौकी भवनहरु, बिधालयहरु, क्याम्पस, कृर्षि, बन र साबिकमा बनेका गा.बि.स. भवनहरु रहेका छन् । कोटपेटरा, रुद्रेश्वरं, मठैराज, डिलासैनी र गोकुलेश्वर सबै स्वास्थ्य चौकीका पुरानै भवनहरु रहेका छन् । गाउपालिकामा रहेको भौतिक पुर्वाधारको आधारमा बर्तमान अवस्थामा नेपाल सरकारले लिएको लक्ष्य अनुसारको सेवा प्रदान गर्नका लागी अपर्याप्तता देखिन्छ ।

## २.४ भू-उपयोग, वस्ती विकास र सहरीकरण

यस गाउपालिकामा रहेको भूभाग सबै पहाडी क्षेत्र हो । जमिनको कुल क्षेत्रफलको चालीस प्रतिशत जति जमीन कृषि योग्य जमीन र बनजंगलले ओगटेको छ। यस क्षेत्रमा रहेको कृषि योग्य जमीनमा सिचाईको उपयुक्त प्रबन्ध मिलाई यस क्षेत्रका ब्यक्तिहरुलाई कृषिमा आधारित गरेर उनीहरुको जीवनयापन माथी उठाउन सकिन्छ । यस क्षेत्रमा रहेको जमीनमा सिचाईको उपुक्त सुबिधा नरहेकोले चाहेजती उत्पादन लिन नसकिएको अवस्था छ। सबै जमिनमा सिचाईका लागी कुलो, नहर को ब्यवस्था नभएकोले यहाँ गरिने खेती आकासे पानीको भरमा गरिने गरिन्छ । समयमा पानी नपर्ने भएका कारण यस क्षेत्रको उत्पादन युक्त जमिन पनि सुख्खा रहने र यहाँका मानिसहरु कामको लागी भारत तिर गई आफ्नो जीबिका निर्वाह गर्ने गर्दछन् । यहाँको बस्ती छरिएर रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुको दैनिकी सामान्य रहेको छ । कच्ची घरहरु, छरिएर बसेको बस्ती, पानीको अभाव, बिधुत अभाव, बजारको समस्या, बाटोघाटोको साथै सडकको अभाव रहेको छ । यस गाउपालिकाको मुख्य बजारको रुपमा गोकुलेश्वर, पंसेरा, सिमार, गन्ना, धामी गाउं, हाडाकोट र पञ्जीउको नंयारहेको छ । यि

स्थानहरु भनेका दैनिक उपभोगका सामानहरु पाईने सामान्य खरिद बिकी केन्द्रहरु हुन् । मुख्य बजारको रुपमा जिल्लाको सदमुकाम गोठलापानी, शाहिलेक, सतबाझ चौराह र पाटन रहेका छन् ।

यस क्षेत्रमा भएको बिकासको बस्तुस्थिती बिश्लेषण यस प्रकार रहेको छ ।

## २.४.१ सामाजिक सेवा अर्न्तगत :

यस गाउपालिका क्षेत्र मा सामाजिक सेवाकालागि विभिन्न क्षेत्र लाई समेटने गरी सामाजिक परीचानका गतीविधिहरु सम्पन्न भएका छन् । विभिन्न अर्न्तराष्ट्रिय , राष्ट्रिय एवं स्थानिय गैर सरकारी संस्थाहरु कार्य गरी रहेका छन् । यसका साथै विभिन्न समुह र सामुदायिक संस्था गठन गरी कार्यहरु भई रहेका छन् । यसरी दलित, जनजाती, अपागं, बालबालीका, महिला लगायत लक्षित वर्ग मार्फत सामाजिक सेवाका कार्य गाउंपालिका को समन्वय एवं नेतृत्वमा सम्पादन भएकाछन् ।

### २.४.२ शिक्षाको विकास :

यस डिलासैनी गाउपालिकामा ४७ वटा बाल विकास केन्द्रहरु रहेकाछन् । ३८ वटा आधारभुत विद्यालय र ७ वटा माध्यमिक विद्यालयहरु रहेकाछन् ।

### २.४.३ स्वास्थ्य क्षेत्रको विकास :

डिलासैनी गाउपालिका स्वास्थ्यका क्षेत्रमा तुलनात्मक रुपमा उल्लेख्य सुविधाको पहुंचमा बृद्धि भएको देखिन्छ । गाउंपालिका का ५ वटा वडाहरुमा स्वास्थ्यचौकीले सेवा दिई रहेको पाईयो । यस बाहेक ६ र १ नं. वडामा स्वास्थ्य चौकी स्थापना भएको छैन् । वर्तमानको संघिय संरचना गर्दा नयाँ वनेको वडा भएका कारण संस्थागत रुपमा स्वास्थ्य चौकी नभएको हो ।

### २.४.४ पूर्वाधार विकास :

डिलासैनी गाउंपालिका मा रहेका वडा कार्यालय साविक गाविस भवन का पक्की कार्यालय भवनहरु रहेका छन् तर ती मापदण्ड अनुसारका गुणस्तर युक्त नभएको अवस्था छ । यहां विद्यालय भवन, खानेपानी का परीयोजना, स्वास्थ्य चौकी, बजार विस्तार, संञ्चार का लागि केहि भए पनि पूर्वाधारको विकास भएको छ। यद्यपी पूर्वाधारको गुणस्तर राम्रो नरहेको अवस्था छ ।

### २.४.५ सडक विकास :

डिलासैनी गाउपालिका को वडा नं ६ भएर दार्चुला जिल्लाको सदरमुकाममा जोडने कालोपत्रे सडक को पहुंच पुगेको छ । अन्य वडा हरुमा समेत लगभग ३० किमि भन्दा बढी लम्बाई कच्ची सडक निमाणाधिन रहेको छ ।

### २.४.६ विद्युतिकरण विकास :

डिलासैनी गाउपालिका को लगभग २० देखि २५ प्रतिशत क्षेत्रमा विद्युतिय सेवाको विस्तार भएको छ । केहि बस्ती र क्षेत्रमा समेत विद्युतिय सेवाको विस्तार को कार्य चली रहेको छ ।

### २.४.७ खानेपानी सेवाको अवस्था :

डिलासैनी गाउपालिका क्षेत्रमा खानेपानी को समस्या टडकारो रुपमा रहेकोछ । विगतमा सम्पन्न खानेपानी परीयोजना संञ्चालन अवस्था रहेकोछ । सो पुरा भएका केहीमात्रामा भए पनि खानेपानीको समस्या समाधान भएकोछ । त्यस बाहेका अन्य साना योजना बाट समेत खानेपानीको आपुर्ति भईरहेको छ ।

### २.४.८ संस्थागत तथा क्षमता विकास :

डिलासैनी गाउपालिकाको वर्तमानमा संस्थागत, मानविय एवं आर्थिक क्षमता कम भएका कारण वर्तमानमा कार्य सम्पादन कार्य सहज नभएकाले सो पक्षको सुधार गरी कार्य सम्पादनलाई प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।

### २.४.९ कृषि, वन तथा वातावरण विकास :

डिलासैनी गाउपालिको अधिकासं भुभाग का कृषि खेती गरीने र वनक्षेत्र को समेत उल्लेख्य स्थान रहेकोले सोको संरक्षण र विकास गरी वातावरणीय विकास लाई समेत सहज एवं सन्तुलीत वनाउनु आवश्यक देखिन्छ । यस स्थानिय तहमा वर्तमानमा संञ्चालनमा रहेका उद्यमहरु कृषी एवं वन पैदावारमा आधारीत रहेका छन् ।

**२.४.१० औधोगिक तथा खनिज विकास :**

डिलासैनी गाउपालिका क्षेत्रमा साना उद्योगका रुपमा फर्निचर निमार्ण, आरन कोकाम, सिलाई कताई जस्ताकार्य पेशागत रुपमा संञ्चालनमा रहेका छन् । गाउपीलका को विभिन्न स्थानमा ढूगाखानी, स्लेट खानी हरुमा खनीज को सम्भावना रहेको छ र तर ती क्षेत्रहरुको विकास हाल सम्म हुन सकेको छैन् ।

## २.५ स्थानीय तहको आर्थिक गतिविधि, बजार सन्तुलन, रोजगारीको अवस्था र लगानीका क्षेत्रहरु

डिलासैनी गाउपालिका मा विविध प्राकृतिक स्रोतको प्रचुर सम्भावना रहेकोछ । यहां ढुगांखानी, कमेरो खानी, चुनढुंगा, गन्धक खानी , खोला कीनार बाट गिट्टी वालुवा संकलन  गरी उपयोग गर्न सकिने रहेको छ। यसका साथै गाउपालिका भित्र रहेका वन सम्पदा बाट आवश्यक काठको आपुर्ति एवं विक्रि वितरण गरीदै आएको छ। निजि, सरकारी एवं सामुदायिक वनमा रहेका बन पैदावार बाज, बुरुज, सल्ला आदी र अन्य वनस्पती एवं जडीवुटी जस्ता प्रकृति प्रददत सम्पतिको भण्डार रहको छ । जो वर्तमानमा संरक्षणको अभावमा दोहन हुदैछ , यसको संरक्षण गर्न आजको मुख्य आवश्यकता रहेको छ ।

यस गाउपालिकाको आर्थीक गतिबिधि कृषिमा नै आधारित रहेको छ । यस क्षेत्रमा धान, गहुँ, मकै, दालबाली ( भटमास, कालो मास, गत), तिमुर, तरकारी, फलफूल, घ्यू, मह जस्ता उत्पादनहरु यस क्षेत्रका आर्थिक श्रोतका साधनहरु हुन् । यस क्षेत्रमा उत्पादन गरिने बिभिन्न बालिनाली, तरकारी र फलफूलहरु केहि निश्चित क्षेत्रमा उत्पादनहुने भएकाले यहाँका ब्यक्तिहरुको आम्दानीको मुख्य बिकल्पको रुपमा बैदेशिक रोजगार रहेको छ। यसका साथै स्थानीय स्तरमा संचालनमा आएका बिभिन्न सकरकारी तथा गैरसरकारी संस्थाबाट संचालित कार्यक्रहरु हुन् । स्थानीय क्षेत्रमा रहेको समुदायका ब्यक्तिहरुको स्तरोन्नती गर्नका लागी नेपाल सरकारले बिदेशी दातृ निकायहरुबाट प्राप्त अनुदानबाट संचालिन कार्यक्रमहरु मुख्य रुपमा रहेका छन् । यस क्षेत्रमा संचालनमा रहेका कार्यक्रम तथा कार्यक्रम संचालन गर्ने निकायहरु निम्नाअनुसार रहेको छन् ।

**क. गरिवि निवारणबाट संचालित कार्यक्रमहरु**

- **पशुपालन** (Livestock)
- **कृषि** (Agriculture & Others)
- **उत्पादनमुलक** (Manufacturuing & Others)
- **व्यापार** (Trading)
- **सेवा क्षेत्र** (Service Sector)
- **क्षमाता विकास** (Capacity Building)

| डिलाशैनी गाउपालिका अर्न्तगत गरीवी निवारण कार्यक्रम विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | साझेदार संस्था | वार्ड नं. | सामुदायिक संस्था संख्या | सामुदायिक संस्थामा रहेका जम्मा सदस्य संख्या | घुम्ती कोष सम्झौता रकम |
| १ | समर्थन समाज | १ | ४ | १४४ | १३,१०,४१०।०० |
| | | २ | ६ | १६१ | २६,६३,७६७।३० |
| २ | आरडिएस्सी | ३ | १५ | १११ | ४९,४२,२६७।१५ |
| | | ४ | १३ | २६९ | ६०,६७,६५६।९० |
| | | ५ | १६ | १७२ | ५९,९९,८८०।८० |
| | | ६ | ९ | १३२ | ३३,९८,५८५।३० |
| | | ७ | २६ | ३१९ | ८९,९६,८३७।७५ |
| ३ | सेवा, बैतडी | | १ | २१ | ३,५१,०००।०० |
| **जम्मा** | | | **९०** | **१,३२९** | **३,३७,३०,४०५।२०** |

*(स्रोत : गरीवी निवारण कोष वार्षिक प्रतिवेदन ०७३।०७४)*

**ख. डिलासैनी गाउंपालिका भित्रका साविकको घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय हाल उद्योग विकास शाखा बैतडी मा हाल सम्म दर्ता भएका उद्योगको विश्लेषण :**

| घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय, बैतडी मा डिलाशैनी गाउपालिका अन्तर्गत दर्ता भएका उद्योगहरुको विवरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| उद्योगको किसिम | | | प्राफ | | | साफ | | | प्राफ | | साफ | |
| लघु | घरेलु | साना | लघु | घरेलु | साना | लघु | घरेलु | साना | महिला | पुरुष | महिला | पुरुष |
| ६ | ३६ | २४ | ५ | ३४ | २४ | १ | २ | ० | ९ | ५४ | २ | १ |


स्रोत : साविक घरेलु उद्योग विकास समिति मुख्य शाखा, बैतडी हाल उद्योग विकास शाखा दर्ता रेकर्ड (२०७४।१२।०९)

## ग. लगानीको क्षेत्र, अवसर, चुनौती र सहयोगी निकायहरु

| क्षेत्र | सहक्षेत्र | अवसरहरु | समस्या/चुनौतीहरु | सहजीकरण | आवश्यक सेवा प्रदान गर्ने निकाय |
|---|---|---|---|---|---|
| कृषि | वेमौसमी तरकारी | ▪ उपयुक्त जलवायु<br>▪ यातायातको व्यवस्था<br>▪ संकलन केन्द्र<br>▪ सेवा केन्द्र<br>▪ सहकारी | ▪ उत्पादकत्वमा कमी<br>▪ प्रतिस्पर्धा<br>▪ सिचाईको कमी | ▪ सिचाइको व्यवस्था<br>▪ प्राविधिक सीप विकास तालिम<br>▪ प्रविधिको व्यवस्था<br>▪ बजारीकरण | ▪ कृषी सेवा केन्द्र<br>▪ सहकारी<br>▪ गाउपालिका |
| | बाखा पालन तथा खरिदबिक्रि | ▪ घासपातको उपलब्धता<br>▪ हावापानी<br>▪ खसि संकलन केन्द्र<br>▪ बजार | ▪ आधुनिक खोर निर्माण र व्यवसायिक ज्ञानको कमी<br>▪ व्यवसायीक रुपमा उत्पादन गर्ने मानसिकताको कमी | ▪ प्राविधिक सीप विकास तालिम<br>▪ व्यवसायिक परामर्श<br>▪ लघु कर्जाको व्यवस्था | ▪ पशु सेवा केन्द्र<br>▪ सहकारी गाउपालिका |
| | वोइलर कुखुरा पालन | ▪ स्थानिय तथा बाहिरी वजार<br>▪ यातायातको व्यवस्था | ▪ विद्युत नभएको<br>▪ प्राविधिक सीप तथा ज्ञानको कमी | ▪ प्राविधिक सीप विकास तालिम<br>▪ फर्म निर्माण | ▪ पशु सेवा केन्द्र<br>▪ सहकारी<br>▪ गाउपालिका |
| | टमाटर सस | ▪ स्थानिय उत्पादन<br>▪ आयात निर्यातमा सहज | ▪ प्राविधिक सीप तथा ज्ञानको कमी | ▪ प्राविधिक सीप विकास तालिम | ▪ ल. उ. वि. का.<br>▪ सहकारी,<br>▪ गाउपालिका |
| वन | जडीवुटी संकलन तथा प्रशोधन | ▪ स्थानिय वन तथा जग्गामा उत्पादन हुने<br>▪ आयात निर्यातमा सहज<br>▪ स्थानिय स्तरमा प्रशोधन गर्न सकिने | ▪ उपयूक्त प्रविधिको अभाव<br>▪ उद्योग निमार्णको लागि आफनै स्वामीत्वमा जग्गा नहुनु | ▪ उपयूक्त प्रविधिको सहयोग<br>▪ प्राविधिक सीप विकास तालिम<br>▪ बजारीकरण | ▪ लघु उद्यम विकास कार्यक्रम<br>▪ सहकारी<br>▪ गाउपालिका |
| | गलैचा बुनाई | ▪ स्थानिय वनमा प्रशस्त पाईने<br>▪ स्थानिय तथा बाहीरी वजार | ▪ सिपको अभाव | ▪ प्राविधिक सीप विकास तालिम | ▪ ल. उ. वि. का.<br>▪ सहकारी<br>▪ गाउपालिका |

| क्षेत्र | सहक्षेत्र | अवसरहरु | समस्या/चुनौतीहरु | सहजीकरण | आवश्यक सेवा प्रदान गर्ने निकाय |
|---|---|---|---|---|---|
| | | ▪ कम लगानमा शुरु गर्न सकिने | | | |
| उत्पादन मुलुक | आलु चिप्स | ▪ स्थानिय स्तरमा कच्चा पदार्थको सहज उपलब्धता | ▪ प्राविधिक सीप विकास | ▪ उपयूक्त प्रविधिको सहयोग<br>▪ प्राविधिक सीप विकास | ▪ लघु उद्यम विकास कार्यक्रम<br>▪ सहकारी<br>▪ गाउपालिका |
| | वेसार पाउडर | ▪ स्थानिय उत्पादन प्रशस्ती भएको | ▪ प्राविधिक सीप तालिम | ▪ प्रशोधन तथा प्याकेजिङ्ग सीप तालिम | ▪ लघु उद्यम विकास कार्यक्रम<br>▪ सहकारी<br>▪ गाउपालिका |
| सेवा मुलुक | सैलुन | ▪ स्थानिय स्तर सैलुन उद्यम नहुनु | ▪ प्राविधिक सीप विकास | ▪ प्राविधिक सीप विकास | ▪ लघु उद्यम विकास कार्यक्रम<br>▪ सहकारी<br>▪ गाउपालिका |

## २.६ स्थानीय तहमा उद्यम विकाससम्बन्धी सेवा प्रदायकहरु



**स्थानीय स्तरमा रहेका सेवा प्रदायक तथा सेवा विवरण :**

| सि. नं | सरोकारवाला तथा संघसंस्थाको नाम | संख्या | उपलब्ध सेवा |
|---|---|---|---|
| १ | डिलासैनी गाउपालिका | १ | समन्वय, व्यवस्थापन, कार्यान्वयन, बजेट, सामाजिक परिचालन आदी |
| २ | लघु उद्यम विकास कार्यक्रम (मेडेप) | १ | उद्यम स्थापनामा आर्थीक तथा प्राबिधिक सहयोग |
| ३ | कृषि विकास शाखा | १ | प्रबिधिक सहयोग, प्रबिधि, बच्चा पदार्थ उत्पादन बृद्धि, बीउ बिजन बितरण |
| ४ | पशु सेवा शाखा | १ | पशु सेवाको क्षेत्रमा प्रविधि र प्राविधिक सहयोग |
| ५ | महिला तथा बालबलिका शाखा | १ | सामाजिक परिचालन, तालिम, अनुदान |
| ६ | उद्योग विकास शाखा | १ | उद्यम स्थापना, तालिम, प्राविधिक सहयोग, उद्योग प्रशासन |
| ७ | रेञ्ज पोष्ट | १ | वनजन्य उद्यम, प्रशोधन |
| ८ | बैंक तथा वित्तिय संस्था ... | १ | बचत तथा ऋण लगानि |
| ९ | सहकारी ... | | बचत तथा ऋण लगानि |
| १० | सामुदायिक वन .... वटा | | वन, आयआर्जन र ऋण |
| ११ | NGO/INGO | ... | |
| १२ | उद्योग वाणिज्य संघ | | |

## २.७ स्थानीय तहमा उद्यम विकाससम्बन्धी विगतमा भएका प्रयासहरु

डिलासैनी गाउपालिको जिल्लाको सदरमुकाममा को उत्तरतिर अवस्थीत छ । गाउपालिका मा विकासका लागि साविकको गाविसको संरचनामा रहदा समेत विकासका लागि केही प्रयासहरु गरीएका छन् । बाटोघाटो, सडक, खानेपानी र स्वास्थ्यका क्षेत्रमा विकासकार्यहरु सम्पन्न भएका छन् । विभिन्न सरकारी कार्यालयका सेवाकेन्द्र स्तरका कार्यालयहरु रहेका छन् । गाउपालिकाको वडा नं. ६ भएर दार्चुला जोडने सडक कालोपत्रे भएको छ ।

## २.८ श्रोत सम्भाव्यताको अवस्था (उपलव्ध कच्चा पदार्थ, ......)

डिालासैनी गाउपालिका मा विविध प्राकृतिक स्रोतको प्रचुर सम्भावना रहेकोछ । यहां ढुगांखानी, कमेरो खानी, चुनढुंगा, गन्धक खानी , नदी, खोलाको कीनार बाट गिटटट् वालुवा संकलन गरी उपयोग गर्न सकिने रहेका छ । यसका साथै गाउपालिका भित्र रहेका वन सम्पदा बाट आवश्यक काठको आपुर्ति एवं विक्रि वितरण गरीदै आएको छ । निजि, सरकारी एवं सामुदायिक वनमा रहेका बन पैदावार बाज, सल्ला, साल आदी र अन्य वनस्पती एवं जडीवुटी जस्ता प्रकृति प्रदत्त सम्पतिको भण्डार रहको छ । जो वर्तमानमा संरक्षणको अभावमा दोहन हुदैछ , यसको संरक्षण गर्न आजको मुख्य आवश्यकता रहेको छ ।

## २.९ बजारीकरणको अवस्था

यस गाउपालिकामा पुर्बमा गन्ना, पश्चिममा पञ्ज्यूनंया, गोकुलेश्वर, मध्यमा पंसेरा, सिमार, धामीगाउं बजार रहेका छन् । गाउपालिका भित्र कृषक तथा उद्यमीहरुले उत्पादन गरेका बस्तु तथा खाद्यान्न चिजहरु उपयुक्त बजार नपाएका कारण ओझेलमा परेको छन् । कृषक तथा उद्यमीहरुको हौसला बढाउन र उनीहरुलाई उद्यममा प्रोत्साहन गर्नका लागी पनि बजार ब्यवस्थापन गर्न एकदमै जरुरी छ । उनीहरुले आफ्नो बस्तुको उचित मूल्य नपाएका कारण उद्यमहरु बन्द हुने र उद्यमीहरुमा निराशा आएको अवस्था छ । उद्यमी तथा कृषकले उत्पादन गरेका चिज तथा बस्तुहरुलाई उत्पादन संकलन केन्द्रमा संकलन गरि स्थानीय बजारका साथै अन्तरराष्ट्रिय बजार सम्म बजारीकरण गर्न सके उद्यमका साथै उद्यमीहरु पनि उत्साहित हुने र स्थानीय तहको आर्थिक पक्षमा समेत सुधार आउने भएकाले यसमा सरकारको ध्यान पुग्न जरुरी रहेको छ । अहिले भने गाउपालिकाको सबै क्षेत्र सम्म सडक सुबिधा नपुगेको हुदा उत्पादन गरिएका बस्तुहरुलाई उचित बजार सम्म पुर्‍याउन नसकिएको अवस्था छ । यसका लागी सहयोगी संस्था, स्थानीय तहले कृषक तथा उद्यमीहरुको अवस्थालाई ध्यान दिई सबै वडाहरुमा सडकको पहुँच पुर्‍याउनु पर्ने र वडामा संकलन केन्द्रको स्थापना गरि बजारीकरणमा सहयोग पुर्‍याउनु आवश्यक छ । यसका साथै उत्पादन गरिएका बस्तुहरुलाई आन्तरिक तथा बाह्य बजार सम्म पुर्‍याउनका लागी संजालको

निर्माण गरि सरकारबाट यसका लागी पहलकदमी गरि अगाडी बढन सके भबिष्यमा यस क्षेत्रका कृषक तथा उद्यमीहरुबाट स्थानीय तहलाई आर्थिक समृद्धिमा समेत सहयोग पुग्नेछ ।

## २.१० स्थानीय स्तरमा रहेको संघसंस्था तथा लघुवित्त सुविधाको अवस्था

### क) स्थानिय स्तरमा रहेका संघसंस्थाहरु

| संघ संस्थाहरु | वार्ड नं. | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| कृषि सेवा केन्द्र | | | | | | | |
| पशु सेवा केन्द्र | | | | | | | |
| लघु उद्यम विकास कार्यक्रम | | | | | | | |
| गरीवी निवारण कार्यक्रम | | | | | | | |

### ख) स्थानिय स्तरमा रहेका वित्तिय तथा बचत सहकारी संस्थाहरु

| सि. नं. | संस्थाको नाम | ठेगाना | अवस्था | | | सदस्य | | | | शेयर रकम | कोष रकम | बचत रकम | ऋण लिएको | अनुदान रकम | ऋण लगानी | जम्मा आम्दानी | जम्मा खर्च | खुद नाफा | कूल सम्पत्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सक्रिय | निष्कृय | सं.ग्रस्त | महिला | पुरुष | संस्थागत | जम्मा | | | | | | | | | | |
| १ | चौलानी | डिलासैनी गा.पा.६ | | निष्कृय | | ४ | २४ | | २८ | २८०० | | २८०० | | | ० | | | ० | ० |
| २ | डांफेकस्तुरी महिला | डिलासैनी गा.पा.५ | सक्रिय | | | २५९ | ० | | २५९ | ३२१०० | ४३०१ | २३५४८६ | ० | २०००० | १४५९५० | १०३५५ | ३८९०६ | (२८५५१ | २९३७२७ |
| ३ | डिलाशैनी | डिलासैनी गा.पा.७ | | निष्कृय | | १९५ | ७५ | | २७० | ४८४०० | | १९९२१३ | | | २०१८५९ | | | ० | ० |
| ४ | दुर्गाभवानी म.बि. | डिलासैनी गा.पा.२ | | निष्कृय | | ४० | ० | | ४० | ४०१०० | | ३७७४ | | | १५२४०० | | | ० | ० |
| ५ | ककरपाखा | डिलासैनी गा.पा.५ | | निष्कृय | | २१ | २८ | ० | ४९ | ५७००० | | २९६१६७ | | | २९९५०० | | | ० | ० |
| ६ | नवयुग सृजनशिल | डिलासैनी गा.पा.३ | | निष्कृय | | ६९ | ६९ | ० | १३८ | २००००० | | १७०६ | | | १८५३३२५ | | | ० | ० |
| ७ | बातावरणिय | डिलासैनी गा.पा.७ | सक्रिय | | | ० | ० | ० | ४५ | २४५०० | ० | ५३७०० | ० | ८५१३२५ | १३००० | ० | ० | ० | ९२९५२५ |
| ८ | भौनेली | डिलासैनी गा.पा.१ | सक्रिय | | | ३५ | ६० | ० | ९५ | ४७५०० | ५४०० | ९३०० | २७०६ | ३११४२८ | ० | ५८०००० | ५८०००० | ० | ३८७४२८ |
| ९ | डांडावाग कृषि | डिलासैनी गा.पा. ४ | सक्रिय | | | १४ | १४ | ० | २८ | २४००० | ४८३६ | ३७७८७ | ० | ० | ६०३३४ | १४८०३ | ६७८० | ८०२३ | ६९६२३ |

| सि. नं. | संस्थाको नाम | ठेगाना | अवस्था | | | सदस्य | | | | शेयर रकम | कोष रकम | बचत रकम | ऋण लिएको | अनुदान रकम | ऋण लगानी | जम्मा आम्दानी | जम्मा खर्च | खुद नाफा | कुल सम्पत्ति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सक्रिय | निष्कृय | सं.ग्रस्त | महिला | पुरुष | संस्थागत | जम्मा | | | | | | | | | | |
| १० | दुर्गेश्वरी | डिलासैनी गा.पा. २ | सक्रिय | | | ३ | २३ | ० | २६ | ५४०० | १८००० | ० | ० | ० | ० | ४८००० | ३०००० | १८००० | २३४०० |
| ११ | गोकुलेश्वर | डिलासैनी गा.पा. ६ | सक्रिय | | | ६ | ३० | ० | ३६ | ६०१०० | २७८९६ | ५७८० | ० | ० | ० | ३९११५० | ३६४१२४ | २७०२६ | १४५१७६ |
| १२ | जनप्रिय कृषि | डिलासैनी गा.पा.३ | सक्रिय | | | ३७ | ६६ | ० | १०३ | २६८७०० | १७१७८१ | ७१२७३८ | ० | ० | ११०१५३३ | १३१५१७ | ७०६७६ | ६८८३८ | ११५३२२० |
| १३ | कफलाशैनी बेतालेश्वर | डिलासैनी गा.पा.५ | सक्रिय | | | ५५ | ५० | ० | १०५ | ५५५०० | २१८७४ | १८१००० | ० | ० | २३५४०० | ३६६२४ | १४७५० | २१८७४ | २६६३३४ |
| १४ | नव प्रतिभा | डिलासैनी गा.पा.३ | सक्रिय | | | १२ | २८ | ० | ४० | २८९०० | ० | २७३३१४ | ० | ० | २६३००० | | | ० | ३०२२१४ |
| १५ | त्रिपुरा सुन्दरी | डिलासैनी गा.पा. ७ | सक्रिय | | | ७ | १९ | ० | २६ | १३५०० | ० | ३००० | ० | ० | २०००० | १४२०० | ० | १४२०० | ३३४०० |
| १६ | जमाडिगाड | डिलासैनी गा.पा. ४ | | निष्कृय | | ५ | ४५ | ० | ५० | ६५०० | | ४४०२५ | | | ७०००० | | | ० | |
| १७ | अपि चौलानी | डिलासैनी गा.पा. ३ | | निष्कृय | | ३ | २२ | ० | २८ | ७७०० | | ० | | | ० | | | ० | |
| १८ | डिलाशैनी स.सं.लि. | | | | | | | | ० | | | | | | | | | ० | |
| १९ | रुद्रेश्वर स.सं.लि. | | | | | | | | ० | | | | | | | | | ० | |

## २.११ पर्यटन विकासको अवस्था

यस डिलासैनी गाउपालिकामा पर्यटन क्षेत्रको प्रचुर सम्भावना भए पनि अहिले सम्म सो को पहिचान हुन सकेको छैन् । यस गाउपालिकामा पर्यटनका लागी चौलानी हाईड्रोपावर , खुमट धार्मीक क्षेत्र, कफलासैनी र डिलासैनी मन्दिर, बेतालेश्वर मन्दिर कृषि क्यामपस , चौलानी नदीमा ट्रेकिंको सम्भावना मुख्य पर्यटकीय विकासको आधारका रुपमा रहेका छन् ।

## २.१२ उद्यम विकाससम्बन्धी सीप, स्थानीय प्रविधि र हाल सञ्चालनमा रहेका उद्यम व्यवसायहरु

यस गाउपालिकामा स्थानीय श्रोत साधन तथा प्रबिधिलाई केन्द्रित गरि बिभिन्न किसिमका ब्यवसायहरु संचालनमा ल्याईएका छन् । यी कार्यक्रमहरु संचालनका लागी सेवा प्रदायक संस्थाहरुले तपशिल बमोजिमका उद्यमहरुलाई प्राथमिकता दिई समुदयामा उद्यमीहरुको समुह गठन गरि ब्यवसायहरु संचालन गरिएका छन ।

| सि.नं. | उद्यम | उद्यमी संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| 1 | डेरी उद्योग | 0 | 5 | 5 |
| 2 | बाँस निगालो सामग्री उत्पादन | 16 | 6 | 22 |
| 3 | आरन | 0 | 2 | 2 |
| 4 | मैनबत्ती उत्पादन | 12 | 2 | 14 |
| 5 | कफी उत्पादन | 2 | 0 | 2 |
| 6 | फलफुल प्रशोधन | 1 | 0 | 1 |
| 7 | बुनाई | 0 | 16 | 16 |
| 8 | अदुवा केण्डी उत्पादन | 7 | 2 | 9 |
| 9 | नास्ता तथा होटल व्यवसाय | 0 | 1 | 1 |
| 10 | अचार उत्पादन | 0 | 1 | 1 |
| 11 | कुखुरापालन | 0 | 4 | 4 |
| 12 | रेडियो, टि.भी. मर्मत | 0 | 1 | 1 |
| 13 | खुद्रा पसल | 2 | 2 | 4 |
| 14 | सिलाई कटाई | 0 | 21 | 21 |
| 15 | तरकारी खेती | 3 | 14 | 17 |
| 16 | फर्निचर उत्पादन | 1 | 0 | 1 |
| 17 | ढाका बुनाई | 6 | 11 | 17 |
| **जम्मा** | | **50** | **88** | **138** |

*स्रोत : लघुउद्यम विकास कार्यक्रम / जिल्ला लघुउद्यमी समुह संघ बैतडी को कार्यालय रेकड, २०७३।०७४)*

## २.१३ उद्यम विकाससम्बन्धी समस्या

यस डिलासैनी गाउपालिका क्षेत्र भित्र रहेका उद्यमी तथा अन्य सरोकारवाला निकायहरु संगको छलफल तथा अन्तरक्रियाबाट तपशिल अनुसारका समस्याहरुले उद्यम बिकासका लागी चुनौतीको रुपमा रहेको पाईएका छन् ।

- स्थानीय स्तरमा उत्पादन गरिएका बस्तुहरुको प्रयोगमा आम उपभोक्ताहरुको रुची नहुनु ।
- स्थानीय स्तरमा उत्पादन गरिने बस्तुहरु बाहिरबाट आएका बस्तुहरु भन्दा महङ्गो हुनु ।
- स्थानीय बस्तु उत्पादनका लागी स्थानीय स्तरमा प्रयाप्तमात्रामा कच्चा पदार्थ उपलब्ध नहुनु, सीप तथा उपकररणहरुको अभाव हुनु र स्थानीय उत्पादनलाई प्राथमिकता नदिनु ।
- आवश्यक पूर्वाधार नहुनु जस्तै हाटबजार, विक्रि कक्ष, सौगात गृह, कोशेलीघर तथा सडक सञ्जाल आदी ।
- सुरक्षित भण्डारण तथा चिस्यान केन्द्र नभएका कारणले खासगरी फलफूल तथा तरकारीका उद्यमीहरुले सस्तो मूल्यमा आफ्नो उत्पादन विक्रि गर्नुपर्ने भएको हुदाँ अपेक्षित लाभ प्राप्त गर्न नसकेको ।
- उपयुक्त बजार व्यवस्थापन नहुनु ।
- प्राकृतिक प्रकोपबाट पर्ने असरका लागी सरकारबाट सहयोग तथा अनुदान को ब्यवस्था नहुनु ।
- उत्पादनको ग्रेडिङ्ग, लेबलिङ्ग र प्याकेजिङ्ग नहुनु ।

- कृषि सम्बन्धि उत्पादनका लागी उपुक्त सिंचाईको व्यवस्था का साथै प्रबिधि नहुनु ।

## २.१४ उद्यम विकासका चुनौतिहरु

- उद्यम संचालनका लागी उपयुक्त बातावरण र लगानी नहुनु ।
- उपयुक्त उत्पादन तथा बजारको ब्यवस्था नहुदाँ उद्यमीहरुले उद्यम संचालन गर्न छोडनु ।
- कानूनी जटिलता ।
- उद्यम संचालनकालागी उपयुक्त प्रबिधि तथा औजार उपकरणको उपलब्धता नहुनु ।
- यातायातको समस्या तथा कामदार पाउन असहज हुने ।
- स्थानीय स्तरमा उत्पादन गरिएका बस्तुहरुको मूल्य बाहिर बाट ल्याईएका बस्तुहरुको भन्दा बडी भई बजार लिन समस्या ।
- स्थानीय स्तरमा उत्पादन गरिएका बस्तुहरुको फिनिसिङ्ग बजारमा आउने बस्तुको भन्दा कमसल हुनु ।
- उत्पादन गरिएका बस्तुहरु लामो समय सम्म बिकि नभई उद्यमीले अन्य बिकल्प खोज्नु पर्ने ।
- लगानी मैत्री बातावरण नहुनु ।
- दक्ष जनशक्ति बिदेश पलायन हुनु ।
- बिना धितो ऋृण प्राप्त नहुनु ।
- आर्थिक लगानीको श्रोतको अभाव ।
- बडदो महंगाई र बेरोजगारी ।

## २.१५ स्थानीय तहमा उद्यम विकासको अवसरहरु

- कृर्षिमा आधारित उत्पादनलाई Organic बनाउन सकिने ।
- उद्यम संचालक ले अन्य परिवारका सदस्यहरुबाट पनि सहयोग लिन सक्ने ।
- स्थानीय स्तरमा उद्यम संचालन गर्दा कम ज्यालादारीमा कामगर्ने कामदार पाउन सकिने ।
- उद्यम संचालनका लागी आफ्नो जमिन प्रयोग गर्न सकिने जसले बस्तुको लागत पुँजी घटने ।
- स्थानीय स्तरमा खेर गईरहेका कच्चा पदार्थहरुको सदुपयोग हुनु ।
- बस्तुलाई ग्राहकको ईच्छा अनुसार उत्पादन गर्न सकिने ।
- सूर्नया गाड, अन्य खोला को सेरोफेरो को क्षेत्रमा सिंचाईको सुविधा राम्रो रहेकोले नगदेबाली तरकारी व्यवसाय संचालन गर्न सकिने ।
- मासु व्यापार, जडिबुटीका क्षेत्रमा राम्रो सम्भावना भएकाले स्थानीय क्षेत्रमा यहाँको सामुदायिक वन संगको समुन्वयमा पशुपालन का साथै जडीबुटी संकलन गर्न सकिने ।
- गरीबी निवारण कोष कार्यक्रम र सहकारी संस्थाहरु संचालनमा रहेकाले स्थानीय स्तरमा अनुदान सहयोग का साथै सहकारीबाट सस्तो ब्यजदरमा ऋृण लिई उद्यम संचालन गर्न सकिने ।

# खण्ड ३: उद्यम विकास रणनीतिक योजना २०७५/०७६– २०७९/०८०

## ३.१ परिचय (Introduction)

विकासोन्मुख मुलुक नेपालको आर्थिक विकासका लागि उल्लेखनीय योगदान पुऱ्याउन सक्ने सम्भाव्यता रहेका नेपाली उद्योगहरूको विकास र प्रवर्द्धन आजको अपरिहार्य आवश्यकता हो । नेपाल सरकारको तेह्रौं योजना ( आर्थिक वर्ष २०७०/७१-२०७२/७३) ले पनि वि.सं. २०७९ (सन् २०२२) भित्र नेपाललाई अल्प विकसित मुलुक बाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोच राखी देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने उद्देश्य लिएको छ। यसका लागि निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउने खालका वस्तुहरूको देशभित्रै गुणस्तरीय उत्पादन गर्ने एवम् रोजगारी प्रदान गर्नसक्ने उद्योगहरूको अझ विकास एवम् स्तरोन्नति गर्नु अपरिहार्य छ। यस्तो अवस्थामा आयात प्रतिस्थापन गर्नसक्नेमा लघु, घरेलु तथा साना उद्यमहरू अग्रपङ्क्तिमा रहेका छन् ।

तसर्थ लघु उद्यमको माध्यमद्वारा न्यून आय भएका गरिब परिवारहरूको आय वृद्धि गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने लक्ष्यका साथ संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा नेपाल सरकारले सन् १९९८ देखि नेपालका १० जिल्लाहरूबाट सुरु गरी हाल ३८ जिल्लमा पुऱ्याएको लघु उद्यम विकास कार्यक्रम जनताको आर्थिक सम्बृद्धिमा उपयोगी हुने बिगतका अनुभवले पुष्टी गरको छ। हाल यस कार्यक्रमलाई अष्ट्रेलियन एडको सहयोग प्राप्त छ ।

श्रोत सम्भाव्यता अध्ययन, सामाजिक परिचालन, उद्यमशिलताको विकास, प्राविधिक सीप, लघुकर्जामा पहुँच, बजारीकरण, उपयुक्तप्रविधि, वस्तु विविधीकरण, गुणस्तर नियन्त्रण एवं आवश्यकव्यावसायिक परामर्श जस्ता क्षेत्रहरु समेटिएको यस अवधारणालाई एकीकृत लघु उद्यमविकासको मोडेल (मेड मोडेल) भनिएको छ । यस कार्यक्रमको सफलता पश्चात नेपाल सरकारले गरिबी निवारणका लागि लघु उद्यमविकास कार्यक्रम (मेडपा) को रुपमा आ.व. २०६६/६७ देखि आन्तरिकीकरण गरी चालु आ.व. ०७४/७५ मा ७७ वटै जिल्लाका ७५३ स्थानीयतहमा कार्यक्रम संचालनभईरहेको छ। यसैअनुरुप तत्कालिन केही नगरपालिका/गाविसहरुले गाउँ उद्यम विकास योजना तर्जुमा कार्यान्वयन कार्यविधि तथा सञ्चालन निर्देशिका, २०६७ अनुसार आफ्नो आवधिक गाउँ तथा नगर उद्यम विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेका छन् ।

स्थानीय स्तरमा स्थापना भै सञ्चालनमा रहेका लघुउद्यम तथा उद्यमीहरु सफल देखिएका, यसबाट स्थानीय स्तरमा रोजगारीको अवसर श्रृजना भएको, स्थानीय स्रोत साधनको समुचित उपयोग भएको र गरीबी न्यूनीकरणमा सहयोगी रहेको हुँदा लघु उद्यम विकास मोडललाई  स्थानीय निकायहरुले आन्तरिकरण गरिरहेका छन् । उद्यम विकास रणनीतिक योजना तर्जुमा र कार्यान्वयनबाट यस पद्धतिलाई अझ व्यावहारिक र नतिजामुखी गराई स्थानीयस्तरमा थप रोजगारी र आम्दानी बृद्धि गर्ने विषयहरु जिल्लाको प्राथमिकतामा रहेका छन्। यसरी सिकिएको अनुभवलाई संस्थागत गरी स्थानीयविकास प्रक्रियाको मूलप्रवाहीकरणमा ल्याउनआवश्यक देखिएको छ । यसै अवधारणा बमोजिम स्थानीय तहमा लघु, घरेलु तथा साना उद्यमविकास गर्न  स्थानीयतहको  अगुवाइमा उद्यमविकास रणनीतिक योजना तर्जुमागर्ने कार्य प्रारम्भ भएको छ।

लघु उद्यम विकासको अवधारणालाई आत्मसात गर्दै यस सूर्नया गाउंपालिकामा समेत ९३ जना उद्यमी लाई तालीम प्रदान गरेको र जस मध्ये ९३ वटा उद्यमीले  लघु उद्यम संञ्चालन गरी रहेकका छन् ।

## ३.२ निर्देशक सिद्धान्त (Guiding Principle)

डिलासैनी गाउंपालिका मा हालसम्मको भएका विकास प्रयासले गाउँवासीको जीवनस्तरमा आशा अनुरुप सुधार ल्याउन सकिरहेको छैन। विकास प्रयास जेजति भएको छ भौगोलिक विकटता र छरिएर रहेको वस्तिका कारणले अझै कम नै रहेको छ। छरिएर रहेका वस्तीहरुमा पूर्वाधार तथा अन्य विकासका प्रयास बढी महंगो हुने हुन्छ। उपलब्ध विकासमा संक्षिप्त प्रयासहरुमा पनि सबैको समान पहुँच संभव भइरहेको छैन्  । यही यथार्थतालाई

महशुस गरेर डिलासैनी गाउपालिका ले आगामी दिनमा सम्पन्न गर्ने गाउंपालिका उद्यम विकास योजनाले प्रक्षेपण गरेका विकासका प्रयासहरुका लागि निम्न निर्देशक सिद्धान्त तय गरिएकोछ ।

**३.२.१ सहभागितामूलक पद्धतिको अवलम्वन :**
डिलासैनी गाउंपालिका उद्यम विकास योजनाको खाका सूर्नयामा बस्ने स्थानीय जनसमुदाय बिच व्यापक छलफल गरी सहभागितामूलक ढंगले तर्जुमा गरिएको हो । यसको कार्यान्वयनमा यो नमुना योजनाले निर्देशित गरे मुताविक उल्लेखित प्रकृया अनुरुप सहभागितालाई अझ तल्लो स्तरसम्म पुऱ्याई यो गाउंपालिका उद्यम विकास योजनालाई पुर्णता दिइने छ ।

**३.२.२ दिगो विकासको अवधारणा अवलम्वन :**
जुनसुकैखाले विकासले विनास सिर्जना गर्नु हुँदैन । तसर्थ उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गर्दा दिगोपनालाई विशेष ध्यान दिइने छ ।

**३.२.३ लैंगिक समता, समानता तथा सामाजिक समावेशीकरण :**
विकासका हरेक तह र स्तरमा समुदायमा रहेका महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्गको समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने वातावरण सिर्जना गरिने छ। विकासको प्रतिफलमा सामाजिक न्यायको आधारमा सबैको समान पहुँच हुने वातावरण सिर्जना गरिने छ ।

**३.२.४ सुशासनको प्रवर्द्धन :**
पारदर्शिता र जवाफदेहीता जस्ता कुरालाई काम कारवाहीको अभिन्न अंगको रुपमा अवलम्वन गरिने छ। लगानी र खर्चमा पूर्णतः पारदर्शि व्यवहार अवलम्वन गरिने छ । यसका लागि सार्वजनिक सुनुवाई, नियमित अनुगमन प्रकृयालाई महत्वपूर्ण माध्यमको रुपमा लिइने छ ।

**३.२.५ समुदायको परिचालन विकासको मूल आधार :**
गाउंपालिका विकासको प्रवेश विन्दु समुदाय परिचालन र संस्थागत विकासलाई मानी स्थानीय जनतालाई गाउंमा उद्यमशिलताको विकासका लागि योजनावद्ध क्रियाकलापहरु मार्फत परिचालन गरी आर्थिक विकासको मूल प्रवाहमा ल्याउन सशक्तिकरण गरिने छ । संस्थागत विकासका लागि स्थानीयस्तरमा स-साना सहकारी संस्था, साझा सुविधा केन्द्रको निर्माणमा विशेष जोड दिई समुदायको विकासलाई सामाजिक पूँजिको रुपमा स्वीकार गरिने छ ।

## ३.३ परिकल्पना (Vision)
“ समुन्नत उद्यमि समृद्ध डिलासैनी  हाम्रो सान र पहिचान”

## ३.४ लक्ष्य (Goal)
उद्यमशिलता बाट व्यवसायिकताको विकास, विपन्न वर्गको आयमा वृद्धि गरी जीवनस्तरमा सुधार आएको हुनेछ ।

## ३.५ उद्देश्य (Objectives)
लक्षित वर्ग र समुदाय केन्द्रीत उद्यमशिल समाजको निर्माण भई रोजगारी श्रृजना गर्ने ।

## ३.६ नतिजा (Output/Result)
छरिएर रहेका साधन र श्रोतहरुको उचित व्यवस्थापन गरी गाउंपालिका उद्यम विकास योजना अनुसार सञ्चालित उद्यम व्यवसायहरुबाट गाउंपालिका का विभिन्न समुदायहरुमा निम्न क्षेत्रमा प्रभाव पर्नेछ ।

**३.६.१ रोजगारीको अवसरमा बृद्धि :**
उद्यम व्यवसायको माध्यमबाट गाउंपालिकामा रोजगारीका क्षेत्रमा उल्लेख्य रुपमा बृद्धि हुनेछ । स्थानीय स्तरमा लगानीका सम्भावनाहरुमा बढेर बिदेशमा पलायन भइरहेको जनशक्ति स्थानीय उद्यम व्यवसायहरुमा नै खपत हुनेछ

### ३.६.२ आर्थिक बृद्धि :
उद्यम व्यवसायको विस्तार भई गाउंपालिका अन्तरगत आर्थिक क्रियाकलापहरुमा उल्लेख्य मात्रामा बृद्धि हुनेछ जसबाट उद्यमीहरुको आयमा बृद्धि हुनेछ ।

### ३.६.३ श्रोतको दिगो परिचालन :
स्थानीय श्रोतमा आधारित उद्यम व्यवसायहरु सञ्चालन भई स्थानीय श्रोतहरुको दिगो परिचालन सघाउ हुनेछ ।

### ३.६.४ गरिवी न्यूनीकरणमा सहयोग :
उद्यमशिल समाजको निर्माण गर्न यो गाउपालिकां उद्यम विकास योजनाले योगदान पुर्याउने छ । आर्थिक क्रियाकलापहरु बढनेछन् जसबाट उद्यमीहरुको आयस्तर बढ्नेछ र अन्तत गरिवी निवारणमा योगदान पुग्नेछ ।

### ३.६.५ बातावरणमा सकारात्मक प्रभाव
बाताबरणमा अनुकुल प्रभाव पार्ने उद्यम व्यवसायहरु सञ्चालन हुनेछन् । सामुदायिक बन उपभोक्ता समुह, सहकारी संस्था, लघु उद्यमी समुहहरु बन, कृषिमा आधारित उद्यम व्यवसायहरु सञ्चालन हुनेछन् । स्थानीय साधन र श्रोतमा आधारित जडिबुटी प्रशोधन लगायतका उद्यमहरुको सञ्चालनबाट बाताबरणमा संरक्षणमा योगदान पुग्नेछ ।

### ३.६.६ सामाजिक समावेशीकरण तथा जनसहभागिता
स्थानीय बेरोजगारहरु बढि भन्दा बढि रोजगारीमा संलग्न हुनेछन् । गाउंपालिका उद्यम विकास योजना मार्फत बढि जनसहभागिता बढ्ने छ । तालिमका अवसरहरु श्रृजना हुनेछन् । योजनाले गाउंपालिकामा बसोबास गरिरहेका तर अवसरबाट बञ्चितिमा परेका दलित, जनजाती, पिछाडि पारिएका बर्ग तथा महिलाहरुलाई समावेश गरी उद्यम व्यवसायका क्षेत्रमा समान अवसर प्रदान गरिने छ ।

## ३.७ रणनीति (Strategy)

यस एकीकृत लघु उद्यम विकासको अवधारणाको सफलतालाई नेपाल सरकारले स्वामित्व ग्रहण गरी उद्योग मन्त्रालय अन्तरगत गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको सुरुवात भै ५ वर्षे रणनीतिक योजना (२०७०/०७१ - २०७४/०७५) तयार भैसकेको सन्दर्भमा यस अवधारणालाई गाउँ तथा नगर तहसम्म विस्तार गर्नका लागि नेपाल सरकारले गाँउ/नगर उद्यम विकास योजना तर्जुमा कार्यबिधि तथा कार्यान्वयन निर्देशिका २०६६ तयार गरिएको छ र सो सँग नबाझिने गरी यस उद्यम विकास योजनाले पनि निम्न अवधारण र रणनीतिहरु अबलम्बन गर्नेछ ।

**३.७.१ लक्षित कार्यक्रम :** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सँग मेल खाने गरी सेवाको कम पहुँच भएका क्षेत्रमा गरिबीको रेखामुनि रहेका अति विपन्न वर्ग महिला दलित, आदिवासी जनजाति, बेरोजगार युवाहरू, फरक क्षमता भएका, एकल महिला, हिँसामा परेका महिला, द्वन्द पीडित र अन्य पछि परेका समुदायहरूको परिवारहरूका मागहरूलाई सम्बोधन गरि कार्यक्रमको निर्माण गरिनेछ ।

**३.७.२ स्वरोजगारको विकासः** लक्षित समुदायलाई स्थानीय स्रोत र मागमा आधारित उद्यम व्यवसाय प्रबर्द्धन गर्न सीप प्रदान गरी स्थानीय तहमा नै रोजगारी सिर्जना गर्न मद्धत गर्नुका साथै बढ्दो युवा बेरोजगारीलाई सम्बोधन गरि बिदेशीने युवालाई रोक्नकालागी सहयोग पुग्ने खालका उद्यमहरुको सृजना गर्ने ।


**३.७.३ स्थानीय स्रोतको पहिचान र परिचालन :** स्थानीयस्तरमा उपलब्ध तर लोप हुँदै गैरहेको सीप ज्ञान र प्रविधिलाई प्रबर्द्धन, परिमार्जन र सुधार गरी लघु उद्यम सृजना गर्ने । त्यसै गरी अवसरको पर्खाईमा बसेको सिर्जनशील जनशक्ति र सिपलाई केन्द्रविन्दुमा राखेर तिनिहरूको अधिकतम उपयोग र फाइदा हुने गरी लघु उद्यम व्यवसायका कार्यक्रमहरु संचालन गर्ने ।

**३.७.४ समावेशीकरण नीतिः** लघु उद्यम विकास कार्यक्रम खास गरी आफ्नो लक्षित वर्ग गरीवीको रेखामुनी रहेका खासगरी महिला, दलित, आदिवासी-जनजाति तथा अन्य पिछडेका वर्गको उत्थानमा बढि लक्षित हुनेछ । यस कार्यक्रमको स्वरुप अनुसार विपन्न लक्षित बर्गबाट सहभागी गरि समाबेशी उद्यमशीलताको बिकास गरिनछ । यसमा महिला ४० प्रतिशत, दलित ३० प्रतिशत, युवा २० प्रतिशत, अन्य १० प्रतिशत गरि पछाडी परेका बर्गहरुलाई अगाडी उठाउनका लागी उद्यम संचालनको नीतिगत व्यवस्था गरिनेछ ।

**३.७.५ सहकार्यमा जोड**: लघु उद्यम विकास कार्यक्रम सबैको सरोकारको विषयको रूपमा पैरवी गर्दै गाँउमा कार्यरत सरकारी निकाय खासगरी कृषि, वन, पशुसेवा तथा स्थानीय तहमा कार्यरत गैरसरकारी संस्थाहरू, निजी क्षेत्र, बैंक तथा वित्तीयसंस्थाहरू र नागरिक समाज जस्ता विविध निकायहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्दै सहकार्यात्मक रणनीति अवलम्वन गरिने छ र यस नगरपालिका लघु उद्यम विकासमा सहयोग गर्ने संस्थाहरूबीच प्रभावकारी सञ्जाल निर्माण गरिने छ ।


**३.७.६ एकीकृत अवधारणाको अवलम्वनः** मेडेपले लामो समयमा हासिल गरी सफल साबित भएको मोडेललाई एकीकृत अवधारणा भनिएको छ । जस अनुसार लक्षित वर्गहरू समाजको तल्लो तहका भएकाले उनीहरूलाई उद्यमी वनाउने आवश्यक सेवाहरू एकिकृत रूपमा प्रदान गर्ने कार्यहरु पर्दछन् । उद्यम विकासका लागि अनिबार्य कार्यको रूपमा रहेको सामाजिक परिचालन, उद्यमशीलता विकास, सीपमूलक तालिम, उपयुक्त प्रविधि र लघुवित्तमा पहुँच, व्यवसायिक परामर्श, बस्तु बजारीकरणका लागि सञ्जाल निर्माण र स्तरोन्नतिको लागि निरन्तर जोड दिइने छ । एकीकृत अवधारणाका चरण निम्न अनुसार छन् ।

## लघु उद्यम विकास कार्यक्रमको नमुना



**३.७.७ सम्भाव्यता र मागमा आधारित अवधारणा :** मेडपाकै लामो अनुभवमा मागमा आधारित रणनीतिको प्रयोगलाई ब्यबहारमा ल्याई यसले कार्यक्रमका उद्यमीहरुलाई बढि फाइदा र दीगोपनाको लागि उद्यमीहरूको माग, बजारको सम्भाव्यता र कच्चा पदार्थको उपलब्धता जस्ता ३ वटा महत्वपूर्ण पक्षको सन्तुलनलाई ध्यान दिएर कार्य गर्नेछ । यसको अवधारणा चित्र निम्न अनुसार छ :

**मागमा आधारित रणनीति**




**३.७.८ पारदर्शिता एवं जवाफदेहिता :** गाउँ उद्यम विकासका हरेक गतिविधिहरू पारदर्शी र जवाफदेही वनाउन कार्यक्रम तर्जुमा देखि कार्यान्वयन र मूल्यांकन सम्म सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्दै उनीहरूको जवाफदेहिता पनि स्थापित गर्दै लगिने छ ।

**३.७.९ वातावरणीय दीगोपना प्रति केन्द्रित :** लघु उद्यमले जीविकोपार्जनमा सुधार गर्नुका साथै वातावरणीय दुष्प्रभावलाई पनि जोगाउनु पर्ने हुन्छ तसर्थ हरित अर्थतन्त्रको लागि जोड दिन प्राङ्गारिक खेती, नविकरणीय उर्जा र स्रोतको दिगो उपयोग जस्ता कुरामा बढि ध्यान केन्द्रित गर्न उपायहरूको खोजीगरी अवलम्वन गरिने छ ।

**३.७.१० गरिबोन्मुख सार्वजनिक निजी साझेदारी :** उद्यमशीलता र उद्यम विकासमा निजी क्षेत्रको जहिले पनि महत्वपूर्ण भुमिका रहन्छ । अति गरिब तथा बिपन्न बर्गका लक्षित समुहहरुलाई उद्यम व्यवसाय संचालन गरेको निश्चित अवधि सम्म विपन्नताको कारणले गर्दा सो व्यवसायमा टिकिरहन गाह्रो पर्ने हुँदा गरिवोन्मुख सार्वजनिक निजि साझेदारी कार्यक्रमको अवधारणालाई अवलम्वन गर्दै गरीब उद्यमी समुदायका हीतहरु जस्तै पुन: खरिदको सुनिश्चितता, बजारीकरणको पहूँच, उपकरार नीतिले लघु उद्यम तथा ठूला उद्योग बीच सम्वन्ध विकास गर्न गरिवोन्मुख सार्वजनिक नीजि साझेदारी अवधारणा अवलम्वन गर्ने । यसले सरकारी संयन्त्र र निजी क्षेत्रको सहकार्यले गरिवी न्युनीकरण गर्न सहज हुने छ ।

**३.७.११ उद्यमहरूको दीगोपना तर्फ केन्द्रित :** उद्यम शुरू गराउन सहज भएता पनि त्यसलाई निरन्तर सञ्चालन गर्न र दिगो वनाउने खास गरी यस कार्यक्रमका लक्षित समुदायलाई निकै लामो समय सम्म कार्यक्रमको सहयोग आवश्यक पर्छ तसर्थ उनीहरूको दीगोपनाका लागि ३ देखी ५ बर्ष सम्म उद्यमको किसिम हेरेर निरन्तर सहयोग पुऱ्याइने छ ।

**३.७.१२ मेडेपको आन्तरिकीकरण :** यस कार्यक्रमलाई स्थानिय तहमा आन्तरिकीकरण गर्न प्रत्येक गाउँपालिकामा अध्यक्षको संयोजकत्वमा गाउँ उद्यम विकास समिति गठन गरिने छ । जसले स्थानीय तथा प्राकृतिक स्रोत

साधनको अधिकतम उपयोग गर्न योजना वनाउने, उद्यमशीलता विकासका लागि जनचेतना फैलाउने, स्रोत साधन जुटाउने, कार्यक्रम कार्यान्वयन, अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन जस्ता कार्यहरू गर्ने गराउने छ ।

**३.७.१३ लघु उद्यम विकासका लागि क्षमता विकास :** लघु उद्यम विकासका लागि सेवा प्रदायक संस्थाहरूको क्षमता विकासका साथै गाउँपालिकामा कम्तिमा पनि एक उद्यम विकास सहजकर्ताको उत्पादन गरिने छ । त्यसै गरी व्यवसाय विकास सेवा प्रदायक संस्थाहरू खास गरी लघु उद्यमी समूह संघ, गाँउ तहका सेवा प्रदायक सरोकारवाला तथा संघसंस्थाहरु र गाउँपालिकाको संस्थागत विकासमा जोड दिइने छ ।

यस कार्यक्रमलाई पुर्ण रुपमा सफल पार्नका लागी माथी उल्लेखित रणनीतिक अवधारणाका साथ देहाय बमोजिमका रणनीतिहरुलाई अगाडी बडाईनेछ ।

- ★ प्रत्येक वडाहरुमा साना तथा मझौला उद्योग तथा उद्यमका लागी सम्भाब्यताको अध्ययन गरि व्यवसायीक योजनाहरु संचालन गर्न आवश्यक पर्ने लगानीका लागी स्थानीय निकाय संग पैरवी गर्ने ।
- ★ स्थानीय स्तरमा रहेका सम्पुर्ण सरकारी तथा गैर सरकारी निकाय र अन्य संघ संस्थाहरुलाई स्थानीय स्तरमा उत्पादन गरिएका बस्तुहरु अरुको तुलनामा महङ्गा भएपनि प्रयोग गर्न उत्प्रेरित गर्ने र अरुलाई पनि स्थानीय स्तरमा उत्पान गरिएका बस्तुहरु उपयोग गर्नका लागी प्राथमिकता दिन पैरबी गर्ने ।
- ★ उद्यमीहरुले उत्पादन गरेको बस्तुहरुलाई बिभिन्न बजारहरुमा बिक्री बितरणका लागी गाउंपालिकाबाट प्रचार प्रसार र उद्यमीलाई पर्न जाने घाटाको लागी अनुदान सहयोग गर्न पहल गर्ने ।
- ★ व्यवसायीक तरकारी खेतीलाई जैबीक पद्धती बाट उत्पादन गर्न प्राथमिकता दिने । जैवीक खेती गर्दा हुन जाने नोक्सानका लागी स्थानीय सरकारबाट क्षतीपुर्ति आपुर्तिका लागी कृषि बिमाको व्यवस्था मिलाउन पहल गर्ने ।

## ३.८ प्रमुख कार्यक्रमहरु (Priority Program)

| सि.नं. | मुख्य कार्यक्रमहरु |
|---|---|
| १ | स्रोत सम्भाव्यता अध्ययन तथा लक्षित समूह पहिचान |
| २ | उद्यमशीलता विकासका लागि सामाजिक परिचालन |
| ३ | उद्यमशीलता विकास तालीम |
| ४ | प्राविधिक सिप विकास तथा पुराना उद्यमको स्तरोन्नती गर्ने । |
| ५ | बित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका अन्य पात्रहरुको पहुच बृद्धि |
| ६ | उपयुक्त प्रविधि सम्बन्धन विस्तार |
| ७ | मूल्य श्रृङ्खलाको विकास तथा बजार संगको सम्बन्ध विकास र व्यवस्थापन, |
| ८ | व्यवसायिक परामर्श सेवा |
| ९ | मानवश्रोत व्यवस्थापन तथा संस्थागत विकास |
| १० | प्राबिधिको विकास तथा प्रविधि परिबर्तन |
| ११ | लघु उद्यमीहरुको लागी घुम्ति कोषको रुपमा उद्यम विकास कोषको व्यवस्था |

## ३.९ परिमाणात्मक परिलक्ष्य (Quantitative target indicators)

| ५ वर्षका लागी प्रस्ताव गरीएका योजनाहरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| *उद्यम क्षेत्र* | उद्यम | वार्ड नं. | | | | | | | |
| | | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | |
| *कृषीमा आधारित* | मौरीपालन | 15 | 10 | | | 25 | 5 | | **55** |
| | ऊखु खेती | 10 | 5 | | | 4 | 8 | 5 | **32** |
| | मौसमी तथा बेमौमी तरकारी खेती | 5 | 10 | 12 | 10 | 10 | 10 | 5 | **62** |

| ५ वर्षका लागी प्रस्ताव गरीएका योजनाहरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ***उद्यम क्षेत्र*** | **उद्यम** | **वार्ड नं.** | | | | | | | |
| | | **1** | **2** | **3** | **4** | **5** | **6** | **7** | |
| | च्याउ खेती | 5 | 5 | 5 | | | | | **15** |
| | आलु खेती | 5 | 5 | 5 | | | | | **15** |
| | केरा खेती | | 5 | | | | 5 | 5 | **15** |
| | कुखुरा पालन | 5 | 5 | 5 | 5 | 5 | 10 | 5 | **40** |
| | भट्मास खेती | | | | 5 | | | 5 | **10** |
| | माछापालन | | 5 | 3 | | | | | **8** |
| *वनमा आधारीत* | बाखा पालन | 5 | 5 | 5 | 5 | 4 | 4 | 10 | **38** |
| | फलफुल खेती | | | | | 18 | | 5 | **23** |
| | रिठ्ठा तथा चिउरी प्रशोधन | | | | | | 6 | | **6** |
| | बांस निगालो सामग्री उत्पादन | 5 | 5 | 5 | 5 | 10 | 8 | 8 | **46** |
| | नर्सरी व्यवस्थापन | | 2 | | | 2 | | | **4** |
| *सेवामुलक* | सैलुन | 5 | 2 | 2 | 2 | | 4 | 2 | **17** |
| | दालमोठ तथा नमकिन | 2 | | 5 | | 3 | 5 | | **15** |
| | सिलाईकटाई | 5 | 5 | 5 | 5 | 5 | 4 | | **29** |
| | मैनबत्ती तथा अगरबत्ती उत्पादन | | | | | | 5 | | **5** |
| | मेसिनद्धारा होजीयारी | 5 | 5 | 5 | 3 | 2 | 5 | 5 | **30** |
| | होम स्टे | 1 | 1 | 1 | 2 | 2 | 1 | 2 | **10** |
| | डेरी उद्यम | 2 | | 3 | | | 2 | | **7** |
| | आरन | 2 | 2 | 2 | 3 | 2 | 4 | 2 | **17** |
| | छाला जुत्ता उत्पादन | | | 3 | | 2 | | | **5** |
| | अचार उत्पादन | | | | 5 | | 5 | | **10** |
| | सिस्नु प्रशोधन | | | | | | 6 | | **6** |
| | आधुनिक पानी घट्ट | | | | 2 | | | | **2** |
| | गलैंचा बुनाई | | | | | | | 5 | **5** |
| | साबुन उत्पादन | 5 | | | | | | | **5** |
| **जम्मा** | | **82** | **77** | **66** | **52** | **94** | **97** | **64** | **532** |

## ३.१० तर्कवद्ध योजना खाका (Logical Framework)

<table>
<tr><th rowspan="2">विवरणात्मक संक्षेप</th><th colspan="6">२०७५/७६ देखि ०७९/८० सम्मका सूचक</th><th rowspan="2">पुष्टयाँइका आधारहरु</th></tr>
<tr><th></th><th>७५/७६</th><th>७६/७७</th><th>७७/७८</th><th>७८/७९</th><th>७९/८०</th></tr>
<tr><td>लक्ष्य</td><td colspan="6">यस डिलासैनी  गाउपालिकाको लघुउद्यम बिकास योजनाको मूल लक्ष्य भनेको गाउपालिका क्षेत्रमा छरिएर रहेका श्रोत तथा सीपमा आधारित लघु तथा घरेलु उद्यमहरुको स्थापना तथा विकास गरी थप ६५० लक्षित समूहका परिवारको आयस्तरमा सुधार ल्याई जीवनस्तरमा सुधार ल्याउने तथा केहि लघु उद्यमहरुको साना उद्योगमा स्तरोन्नती गर्ने हो:<br>लक्षका सूचकहरुः<br>☐ योजनाको अन्त्य सम्ममा नयाँ उद्यम स्थापना गर्ने उद्यमीमध्ये ७० प्रतिशत उद्यमीको आयमा कम्तिमा पनि ६० प्रतिसतले बृद्धि भएको हुनेछ ।<br>☐ लघु उद्यममा रोजगारी पाउँने मध्ये कम्तिमा पनि ६५ प्रतिसतको आयमा ६० प्रतिसतले बृद्धि भएको हुँने छ ।<br>☐ स्तरोन्नतीको सेवा पाएका मध्ये कम्तिमा पनि २५ प्रतिसत लघु उद्यमहरु साना उद्यममा परिणत भएका हुँने छन ।</td><td>मूल्यांकन प्रतिवेदन</td></tr>
<tr><td>उद्देश्य</td><td colspan="6">लक्षित बर्गको जनताको समृद्धिका लागी सूर्नया गाउपालिकामा छरिएर रहेका परम्परागत सीप,  शिल्पीहरु तथा स्रोत साधनको पहिचान गरि लघु घरेलु तथा साना उद्योगको स्थापना तथा स्तरोन्नति गरिथप रोजगारीको श्रृजना गरी विपन्न बर्गका समुदायका मानिसको जीवनस्तरमा सुधार भएको हुनेछ ।</td><td>मूल्यांकन प्रतिवेदन</td></tr>
<tr><th>उदेश्यका सूचकहरु</th><th>आधार बर्ष २०७४/७५को अवस्था</th><th colspan="5">५ बर्षको लक्ष</th><th></th></tr>
<tr><td>१. रोजगारी श्रृजना गर्ने । हालका १३८ मा ... थप गरी .. .पुर्‍याउने</td><td>१३८</td><td>१४४</td><td>१४६</td><td>१५२</td><td>१५०</td><td>१४६</td><td>मूल्यांकन प्रतिवेदन</td></tr>
<tr><td>२. लघु उद्यमको हालको लगानी. बृद्धि गरी रु... पुर्‍याउने</td><td></td><td>६६,१३,८००</td><td>६७,७५,२००</td><td>७५,५९,४००</td><td>७३,०३,०००</td><td>७४,६२,२००</td><td>मूल्यांकन प्रतिबेदन</td></tr>
<tr><td>३. लघु उद्यमिको बार्षिक आय बृद्धि गरी रु .... .पुर्‍याउने</td><td></td><td>१,९८,४१,४००</td><td>२,०३,२५,६००</td><td>२,७६,७८,२००</td><td>२,१९,०९,०००</td><td>२,२३,८६,६००</td><td>मूल्यांकन प्रतिबेदन</td></tr>
</table>

**नतिजाहरु**

| नतिजा १ : आयआर्जनका विभिन्न क्षेत्रका उद्यम पहिचान गरी लक्षित समुदायलाई उद्यम स्थापना र रोजगारी तथा कारोवार बृद्धि गर्न सहजीकरण गरिने छ। | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **नतिजा १ का सूचकहरु** | **आधार बर्ष २०७४/७५को अवस्था** | **५ बर्षको लक्ष** | | | | | **जम्मा** |
| | | **७५/७६** | **७६/७७** | **७७/७८** | **७८/७९** | **७९/८०** | |
| १.१.उद्यम स्थापना | | १०२ | १०५ | ११२ | १०९ | १०४ | ५३२ |
| १.२. थप रोजगारी श्रृजना | | १४४ | १४६ | १५२ | १५० | १४६ | ७३८ |
| १.३ लक्षित बर्गका उद्यमीको बार्षिक कारोवार बृद्धि | | १,४८,८१,०५० | १,५२,४४,२०० | १,७०,०८,६५० | १,६४,३१,७५० | १,६७,८९,९५० | ८,०३,५५,६०० |
| अति गरिब परिवार | | ७४,४०,५२५ | ७६,२२,१०० | ८५,०४,३२५ | ८२,१५,८७५ | ८३,९४,९७५ | ४,०१,७७,८०० |
| मध्यम गरिब परिवार | | ४४,६४,३१५ | ४५,७३,२६० | ५१,०२,५९५ | ४९,२९,५२५ | ५०,३६,९८५ | २,४१,०६,६८० |
| सामान्य गरिब परिवार | | २९,७६,२१० | ३०,४८,८४० | ३४,०१,७३० | ३२,८६,३५० | ३३,५७,९९० | १,६०,७१,१२० |
| **नतिजा २ : उद्यम स्थापना गर्न लक्षित समुदायका परिवारलाई माग र आवश्यकता अनुसार उपयुक्त तालीम दिई दक्ष जनशक्ति तयार गरिने छ।** | | | | | | | |
| **नतिजा २ को सूचकहरु** | **आधार बर्ष २०७४/७५को अवस्था** | **५ बर्षको लक्ष** | | | | | **जम्मा** |
| | | **७५/७६** | **७६/७७** | **७७/७८** | **७८/७९** | **७९/८०** | |
| २.१ अति गरिब परिवार | | ७२ | ७३ | ७६ | ७५ | ७३ | ३६९ |
| २.२ मध्यम गरिब परिवार | | ४२ | ४३ | ४५ | ४५ | ४२ | २१७ |
| २.३ सामान्य गरिब परिवार | | ३० | ३० | ३१ | ३० | ३१ | १५२ |
| जम्मा | | १४४ | १४६ | १५२ | १५० | १४६ | ७३८ |

| नतिजा ३ : लघु, घरेलु तथा साना उद्योगको स्तरोन्नति गरिने छ। | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **नतिजा ३ कोसूचकहरु** | **आधार बर्ष २०७४/७५को अवस्था** | **५ बर्षको लक्ष** | | | | | **जम्मा** |
| | | **७५/७६** | **७६/७७** | **७७/७८** | **७८/७९** | **७९/८०** | |
| ३.१ साविक भन्दा उत्पादन तथा बिकि बृद्धि गर्न स्तरोन्नती गरिने उद्यमहरुको संख्या | | ४० | ४० | ४० | ४० | ४० | २०० |
| ३.२ अर्ध सक्रिय र पूर्ण निष्क्रय उद्यमहरुको पहिचान र अद्याबधिक गर्ने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३.३ हाल अर्ध सकृय रहेकालाई पूर्ण सकृय बनाई अर्ध सकृय को संख्या काम गरिने उद्यमको संख्या | | १० | १० | १० | १० | १० | ५० |
| ३.४ हालका पूर्ण निष्कृयलाई सकृय बनाउने उद्यमको संख्या | | ८ | ८ | ८ | ८ | १० | ४२ |
| **नतिजा ४ लघु उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका पक्षहरुको बित्तीय सेवामा पहुँच बृद्धि भएको हुने छ।** | | | | | | | |
| **नतीजा ४ का सूचकहरु** | **आधार बर्ष २०७४/७५को अवस्था** | **५ बर्षको लक्ष** | | | | | **जम्मा** |
| | | **७५/७६** | **७६/७७** | **७७/७८** | **७८/७९** | **७९/८०** | |
| ४.१ उद्यमी, अन्य मूल्य श्रृङ्खलाका पात्रहरु र वित्तीय संस्थाहरु बिच अन्तरकृया | | ४० | ४० | ४० | ४० | ४० | २०० |
| ४.२ व्यवसायिक योजना पुनरावलोकन गर्ने उद्यमको संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ४.३ लेखा तालिम दिइने उद्यमीको संख्या | | १४४ | १४६ | १५२ | १५० | १४६ | ७३८ |
| ४.४ लघु उद्यमीबाट बनाइने सहकारीको संख्या | | १ | १ | १ | १ | १ | ५ |
| ४.५ भएका सहकारीबाट ने.रा.बै.को स्वरोजगार कोषमा पहुँच बृद्धि गरिने सहकारिको संख्या | | ० | ० | १ | १ | १ | ३ |
| ४.६ सहजरुपमा ऋणमा पहुँच हुँने उद्यमी तथा अन्य मूल्य श्रृङ्खलाका पात्रहरुको प्रतिसत बृद्धि | | २० | १० | ५ | ५ | ५ | ४५ |

| नतिजा ५ : मूल्य श्रृङ्खलाको विकास तथा बजार संगको सम्बन्ध विकासको माध्यम बाट लघु, घरेलु तथा साना उद्योगको उत्पादनको बजारीकरण भएको हुनेछ। | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **नतीजा ५ का सूचकहरु:** | **आधार बर्ष २०७४/७५को अवस्था** | **५ बर्षको लक्ष** | | | | | **जम्मा** |
| | | **७५/७६** | **७६/७७** | **७७/७८** | **७८/७९** | **७९/८०** | |
| ५.१ बजार संस्थाहरुको स्थपना र बिकास भएको (सौगात गृह, शंङ्कलन केन्द्र) | | ० | २ | ३ | ३ | २ | १० |
| ५.२ हाटबजारको स्थापना | ० | ० | १ | ० | ० | ० | **१** |
| ५.३ गाउँ तथा नगर स्तरमा आयोजना गरिने प्रदर्शनी,को संख्या | १ | १ | १ | १ | १ | १ | **५** |
| ५.४ क्षेत्रीय र राष्ट्रिय प्रदर्शनी, महोत्सब आयोजनामा सहभागी गराइने उद्यमीको संख्या | बार्षिक २ जाना | बार्षिक २ जाना | बार्षिक २ जाना | बार्षिक २ जाना | बार्षिक २ जाना | बार्षिक २ जाना | बार्षिक २ जाना |
| ५.५ अन्तरकृया द्वारा बि टु बि लिंकेज गराइने उद्यमीको संख्या | ० | ४० | ४० | ४० | ४० | ४० | **२००** |
| ५.६ उद्यमिहरु र अन्य मूल्यश्रृङ्गखलाका पक्षहरु बिच अन्रकृय | | ३० | ३० | ३० | ३० | ३० | १५० |
| **नतिजा ६ : लघु, घरेलु तथा साना उद्योगको उत्पादनमा प्रबिधिको विकास तथा प्रविधि परिबर्तन भएको हुनेछ।** | | | | | | | |
| **नतीजा ६ का सूचकहरु:** | **आधार बर्ष २०७४/७५को अवस्था** | **५ बर्षको लक्ष** | | | | | **जम्मा** |
| | | **७५/७६** | **७६/७७** | **७७/७८** | **७८/७९** | **७९/८०** | |
| ६.१ हाल भएको प्रबिधिमा परिर्वतन गर्ने उद्यमको संख्या | | ३० | ३० | ३० | ३० | ३० | १५० |
| ६.२ साझा सुविधा केन्द्रको स्थापना | | १ | १ | १ | १ | १ | **५** |

| मुख्य कार्यक्रमहरु तथा बजेट | |
|---|---|
| मुख्य कार्यक्रमहरु | ५ बर्षको बजेट रु |
| १. स्रोत सम्भाव्यता अध्ययन तथा लक्षित समूह पहिचान | ४,००,००० |
| २. उद्यमशीलता विकासका लागि सामाजिक परिचालन | ८,०५,००० |
| ३. उद्यमशीलता विकास तालीम | १२,५४,६०० |
| ४. प्राविधिक सिप विकास तथा पुराना उद्यमको स्तरोन्नती गर्ने । | ३७,७८,००० |
| ५. बित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका अन्य पात्रहरुको पहुच बृद्धि | ३४,२७,००० |
| ६. उपयुक्त प्रविधि सम्बन्धन विस्तार | ३७,५८,००० |
| ७. मूल्य श्रृङ्खलाको विकास तथा बजार संगको सम्बन्ध विकास र व्यवस्थापन, | ५३,७५,००० |
| ८. व्यवसायिक परामर्श सेवा | २७,२१,००० |
| ९. मानवश्रोत व्यवस्थापन तथा संस्थागत विकास | ७०,२०,००० |
| १०. प्रबिधिको विकास तथा प्रविधि परिबर्तन | २१,७५,००० |
| ११ लघु उद्यमीहरुको लागी घुम्ति कोषको रुपमा उद्यम विकास कोषको व्यवस्था | ५०,००,००० |

## ३.११ वित्तीय व्यवस्थापन (Fiscal Management)

| सि.नं | उपलब्ध हुँन सक्ने अनुमानित बजेट | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्रोत | बर्ष १ | बर्ष २ | बर्ष ३ | बर्ष ४ | बर्ष ५ | जम्मा |
| १ | गाउपालिकाबाट | 20,00,000 | 22,00,000 | 25,00,000 | 25,00,000 | 25,00,000 | 1,17,00,000 |
| २ | कृषि बिकास शिर्षक बाट, खर्च हुने | 6,00,000 | 6,00,000 | 6,50,000 | 6,00,000 | 6,47,200 | 30,97,200 |
| ३ | पशुसेवा शिर्षक बाट खर्च हुने | 6,00,000 | 6,00,000 | 6,50,000 | 6,00,000 | 6,40,000 | 30,90,000 |
| ४ | वन तथा सा.ब.उ.संघ बाट खर्च हुने | 6,00,000 | 6,00,000 | 6,50,000 | 6,00,000 | 6,35,000 | 30,85,000 |
| ५ | महिला तथा वालवालिका शिर्षक बाट खर्च हुने | 5,38,800 | 5,50,000 | 6,30,000 | 6,00,000 | 6,35,000 | 29,53,800 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | उद्योग विकास शाखा बाट खर्च खर्च हुने | 11,25,000 | 11,50,000 | 12,04,400 | 11,53,000 | 11,55,000 | 57,87,400 |
| ८ | **अपु रकम जुटाउन NGO/INGO तथा अन्य दातृ निकाय संग पहल गर्नु पर्ने रु** | 11,50,000 | 10,75,200 | 12,75,000 | 12,50,000 | 12,50,000 | 60,00,200 |
| | **जम्मा** | **66,13,800** | **67,75,200** | **75,59,400** | **73,03,000** | **74,62,200** | **3,57,13,600** |
| | **अनुमानित व्यय बिबरण** | | | | | | |
| **सि.नं** | **खर्चका मूल शिर्षक** | **बर्ष १** | **बर्ष २** | **बर्ष ३** | **बर्ष ४** | **बर्ष ५** | **hDdf** |
| १ | स्रोत सम्भाव्यता अध्ययन तथा लक्षित समूह पहिचान | 80,000 | 80,000 | 80,000 | 80,000 | 80,000 | 4,00,000 |
| २ | उद्यमशीलता विकासका लागि सामाजिक परिचालन | 1,50,000 | 1,55,000 | 1,60,000 | 1,70,000 | 1,70,000 | 8,05,000 |
| ३ | उद्यमशीलता विकास तालीम | 2,44,800 | 2,48,200 | 2,58,400 | 2,55,000 | 2,48,200 | 12,54,600 |
| ४ | प्राविधिक सिप विकास तथा पुराना उद्यमको स्तरोन्नती गर्ने । | 7,40,000 | 7,48,000 | 7,72,000 | 7,64,000 | 7,54,000 | 37,78,000 |
| ५ | बित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका अन्य पात्रहरुको पहुच बृद्धि | 5,11,000 | 5,24,000 | 7,93,000 | 7,95,000 | 8,04,000 | 34,27,000 |
| ६ | उपयुक्त प्रविधि सम्बन्धन विस्तार | 7,44,000 | 7,46,000 | 7,52,000 | 7,50,000 | 7,66,000 | 37,58,000 |
| ७ | मूल्य श्रृङ्खलाको विकास तथा बजार संगको सम्बन्ध विकास र व्यवस्थापन, | 6,95,000 | 8,95,000 | 13,45,000 | 10,95,000 | 13,45,000 | 53,75,000 |
| ८ | व्यवसायिक परामर्श सेवा | 5,34,000 | 5,39,000 | 5,54,000 | 5,49,000 | 5,45,000 | 27,21,000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | मानवश्रोत व्यवस्थापन तथा संस्थागत विकास | 15,40,000 | 13,65,000 | 13,70,000 | 13,70,000 | 13,75,000 | 70,20,000 |
| १० | प्रबिधिको विकास तथा प्रविधि परिबर्तन | 3,75,000 | 4,75,000 | 4,75,000 | 4,75,000 | 3,75,000 | 21,75,000 |
| ११ | लघु उद्यमीहरुको लागी घुम्ति कोषको रुपमा उद्यम विकास कोषको व्यवस्था | 10,00,000 | 10,00,000 | 10,00,000 | 10,00,000 | 10,00,000 | 50,00,000 |
| | **जम्मा** | **66,13,800** | **67,75,200** | **75,59,400** | **73,03,000** | **74,62,200** | **3,57,13,600** |

## ३.१२ रणनीतिक योजनाको बजेट (Budget Sheets)

| सि.नं | प्रमुख कार्यक्रम | गतिविधि | इकाई | आर्थिक बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | जम्मा |
| १. | स्रोत सम्भाव्यता अध्ययन तथा लक्षित समूह पहिचान | १.१ स्रोत साधनको पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | २०,००० | २०,००० | २०,००० | २०,००० | २०,००० | १००००० |
| | | १.२.बजारको स्थिति | पटक | १ | १ | १ | १ | १ | ५ |
| | | पहिचान | | | | | | | ० |
| | | बजेट | | २०,००० | २०,००० | २०,००० | २०,००० | २०,००० | १००००० |
| | | १.३.कच्चा पदार्थको | पटक | १ | १ | १ | १ | १ | ५ |
| | | पहिचान | | | | | | | ० |
| | | बजेट | | २०,००० | २०,००० | २०,००० | २०,००० | २०,००० | १००००० |
| | | १.४.लक्षित समूह | पटक | १ | १ | १ | १ | १ | ५ |
| | | पहिचान | | | | | | | ० |
| | | बजेट | | २०,००० | २०,००० | २०,००० | २०,००० | २०,००० | १००००० |
| | | **जम्मा बजेट** | | **८०,०००** | **८०,०००** | **८०,०००** | **८०,०००** | **८०,०००** | **४,००,०००** |
| २. | उद्यम विकासका लागि | २.१ पि.आर.ए. गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० |
| | | २.२ गा.पा.र न..पा. स्तरको अभिमुखीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |

| सि.नं | प्रमुख कार्यक्रम | गतिविधि | इकाई | आर्थिक बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | जम्मा |
| | सामाजिक परिचालन | बजेट | | २०००० | २०००० | २०००० | २५००० | २५००० | ११०००० |
| | | २.३ वडास्तरको अभिमुखीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | ३०००० | ३०००० | ३०००० | ३५००० | ३५००० | १६०००० |
| | | २.४ ए देखि जि सम्मको फारम भर्ने | संख्या | २०० | २५० | २५० | २५० | २५० | १२०० |
| | | बजेट | | २०००० | २५००० | २५००० | २५००० | २५००० | १२०००० |
| | | २.५ समूह निर्माण / Logistic support, बैठकमा सहयोग गर्ने (अगिल्लो वर्षकालाई समेत) | संख्या | १० | १० | १५ | १५ | १५ | ६५ |
| | | बजेट | | ३०००० | ३०००० | ३५००० | ३५००० | ३५००० | १६५००० |
| | | **जम्मा बजेट** | | **१५००००** | **१५५०००** | **१६००००** | **१७००००** | **१७००००** | **८०५०००** |
| ३. | उद्यमशीलता विकास | ३.१ SIYB/MECD तालिम दिने | जना | १४४ | १४६ | १५२ | १५० | १४६ | ७३८ |
| | | बजेट | | २१६००० | २१९००० | २२८००० | २२५००० | २१९००० | ११०७००० |
| | | ३.२ व्यवसायिक योजना निर्माणमा सहयोग गरिने उद्यमी को संख्या | जना | १४४ | १४६ | १५२ | १५० | १४६ | ७३८ |
| | | बजेट | | २८८०० | २९२०० | ३०४०० | ३०००० | २९२०० | १४७६०० |
| | | ३.३ उद्यम छनौट | गोटा | १४४ | १४६ | १५२ | १५० | १४६ | ७३८ |
| | | बजेट | | ० | ० | ० | ० | ० | ० |
| | | **जम्मा बजेट** | | **२४४८००** | **२४८२००** | **२५८४००** | **२५५०००** | **२४८२००** | **१२५४६००** |
| ४. | प्राविधिक सिप विकास तथा पुराना उद्यमको स्तरोन्नती गर्ने । | ४.१ उद्यमशील विकासका लागि छानिएका विषयमा सीप विकास तालिम दिने । | जना | १४४ | १४६ | १५२ | १५० | १४६ | ७३८ |
| | | बजेट | | ५७६००० | ५८४००० | ६०८००० | ६००००० | ५८४००० | २९५२००० |
| | | ४.२ प्रशिक्षकहरूको रोष्टर तयार गर्ने । | गोटा | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| | | ४.३ संचालन भैरहेका उद्यमहरु मध्ये स्तरोन्नति गर्न एडभान्स र पुनर्ताजकीय तालिम पाउने उद्यमीको संख्या | संख्या | ४० | ४० | ४० | ४० | ४० | २०० |
| | | बजेट | | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |

| सि.नं | प्रमुख कार्यक्रम | गतिविधि | इकाई | आर्थिक बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | जम्मा |
| | | ४.४अर्ध तथा पूर्ण निष्कृय रहेका उद्यमहरुको स्तरोन्नति गर्न थप सिप तालिम पाउने उद्यमीको संख्या | संख्या | १८ | १८ | १८ | १८ | २० | ९२ |
| | | बजेट | | ५४००० | ५४००० | ५४००० | ५४००० | ६०००० | २७६००० |
| | | **जम्मा बजेट** | | **७४०००००** | **७४८००००** | **७७२००००** | **७६४००००** | **७५४००००** | **३७७८००००** |
| ५. | बित्तीय सेवामा उद्यमीहरु तथा अन्य मूल्य श्रृङ्खलाका अन्य पात्रहरुको पहुच बृद्धि | ५.१ लघु उद्यमीहरु लगायत उनिहरु संग सरोकार भएका र बित्तीय सेवा आवश्यक पर्ने मूल्य श्रृङ्खलाका पात्रहरुको पहिचन गर्ने । | | ४० | ४० | ४० | ४० | ४० | २०० |
| | | बजेट | | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | २००००० |
| | | ५.२ बित्तीय सेवाको माग सङ्कलन गरिने उद्यमीको संख्या | गोटा | ४० | ४० | ४० | ४० | ४० | २०० |
| | | बजेट | | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| | | ५.३ वित्तीय सेवा प्रदायकको लिष्ट म्यापिङ्ग | गोटा | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| | | ५.४ उद्यमी र वित्तीय संस्थाहरु बिच अन्तरकृया | पटक | ३० | ३० | ३० | ३० | ३० | १५० |
| | | बजेट | | ४५००० | ४५००० | ४५००० | ४५००० | ४५००० | २२५००० |
| | | ५.५ व्यवसायिक योजना पुनरावलोकन गर्ने उद्यमको संख्या | गोटा | आवश्यकता बमोजिम | | | | | |
| | | बजेट | | ३०००० | ३५००० | ४०००० | ४०००० | ५०००० | १९५००० |
| | | ५.६ लेखा तालिम दिइने उद्यमीको संख्या | जना | १४४ | १४६ | १५२ | १५० | १४६ | ७३८ |
| | | बजेट | | २१६००० | २१९००० | २२८००० | २२५००० | २१९००० | ११०७००० |
| | | ५.७ लघु उद्यमीबाट बनाइने सहकारीको संख्या | गोटा | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |
| | | ५.८ भएका सहकारीबाट ने.रा.बै.को स्वरोजगार कोषमा पहुँ बृध्दि गरिने सहकारिको संख्या | | ० | ० | १ | १ | १ | ३ |
| | | बजेट | | ० | ० | २५०००० | २५०००० | २५०००० | ७५०००० |
| | | ५.९सहजरुपमा ऋणमा पहुँच हुँने उद्यमी तथा अन्य मूल्य श्रृङ्खलाका पात्रहरुको प्रतिसतमा बृद्धि | | २० | १० | ५ | ५ | ५ | ४५ |
| | | बजेट | | ५०००० | ५५००० | ६०००० | ६५००० | ७०००० | ३००००० |

| सि.नं | प्रमुख कार्यक्रम | गतिविधि | इकाई | आर्थिक बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | जम्मा |
| | | **जम्मा बजेट** | | **५११०००** | **५२४०००** | **७९३०००** | **७९५०००** | **८०४०००** | **३४२७०००** |
| ६. | उपयुक्त प्रविधि सम्बन्धन विस्तार | ६.१ नयाँ प्रविधि/ सामग्रीबारे रोष्टर तयार गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० |
| | | ६.२ नयाँ प्रविधि बारे सचेतना गराइने उद्यमको संख्या | गोटा | १४४ | १४६ | १५२ | १५० | १४६ | ७३८ |
| | | बजेट | | १४४००० | १४६००० | १५२००० | १५०००० | १४६००० | ७३८००० |
| | | ६.३ नयाँ उद्यमीलाई नयाँ मेसिनरी उकरण नयाँ प्रविधि हस्तान्तरण गरिने उद्यमीको संख्या | | ५८ | ५८ | ५८ | ५८ | ६० | २९२ |
| | | बजेट | | ५८०००० | ५८०००० | ५८०००० | ५८०००० | ६००००० | २९२०००० |
| | | **जम्मा बजेट** | | **७,४४,०००** | **७,४६,०००** | **७,५२,०००** | **७,५०,०००** | **७,६६,०००** | **३७,५८,०००** |
| ७. | मूल्य श्रृङ्खलाको विकास तथा बजार संगको सम्बन्ध विकास र व्यवस्थापन, | ७.१ उत्पादनको प्रकार अनुसारका मूल्य श्रृङ्खलाहरुको बिश्लेषण गरिने संख्या | गोटा | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | १००००० | १००००० | १००००० | १००००० | १००००० | ५००००० |
| | | ७.२ सौगात गृहको स्थापना गर्ने संख्या | | ० | ० | १ | १ | ० | २ |
| | | बजेट | | ० | ० | ३००००० | ३००००० | ० | ६००००० |
| | | ७.३ सङ्कलन केन्द्रको स्थापना गर्ने संख्या | गोटा | ० | १ | २ | २ | २ | ७ |
| | | बजेट | | ० | २००००० | ४००००० | ४००००० | ४००००० | १४००००० |
| | | ७.४ हाटबजारको ब्यवस्थापना गर्ने संख्या | | ० | ० | १ | ० | १ | २ |
| | | बजेट | | ० | ० | २५०००० | ० | २५०००० | ५००००० |
| | | ७.५ न. पा. स्तरमा आयोजना गरिने प्रदर्शनीको संख्या | | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | २००००० |
| | | ७.६ क्षेत्रीय र राष्ट्रिय प्रदर्शनी, महोत्सब आयोजनामा सहभागी गराइने उद्यमीको संख्या | | २ | २ | २ | २ | २ | १० |
| | | बजेट | | ८०००० | ८०००० | ८०००० | ८०००० | ८०००० | ४००००० |
| | | ७.७ अन्तरकृया द्वारा बि टु बि लिंकेज गराइने उद्यमीको संख्या | संख्या | ४० | ४० | ४० | ४० | ४० | २०० |
| | | बजेट | | ४००००० | ४००००० | ४००००० | ४००००० | ४००००० | २०००००० |

| सि.नं | प्रमुख कार्यक्रम | गतिविधि | इकाई | आर्थिक बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | जम्मा |
| | | ७.८ उद्यमिहरु र अन्य मूल्यश्रृङ्खलाका पक्षहरु बिच अन्रकृया | | ३० | ३० | ३० | ३० | ३० | १५० |
| | | बजेट | | ७५००० | ७५००० | ७५००० | ७५००० | ७५००० | ३७५००० |
| | | **जम्मा बजेट** | | **६,९५,०००** | **८,९५,०००** | **१३,४५,०००** | **१०,९५,०००** | **१३,४५,०००** | **५३,७५,०००** |
| ८. | व्यवसायिक परामर्श सेवा | ८.१ समस्या पहिचान ९क्ष्इत० गरिने उद्यमीको संख्या | संख्या | ५८ | ५८ | ५८ | ५८ | ६० | २९२ |
| | | बजेट | | १७४००० | १७४००० | १७४००० | १७४००० | १८०००० | ८७६००० |
| | | ८.२ व्यवसायिक परामर्श दिइने उद्यमको संख्या | संख्या | १४४ | १४६ | १५२ | १५० | १४६ | ७३८ |
| | | बजेट | | ३६०००० | ३६५००० | ३८०००० | ३७५००० | ३६५००० | १८४५००० |
| | | **जम्मा बजेट** | | **५,३४,०००** | **५,३९,०००** | **५,५४,०००** | **५,४९,०००** | **५,४५,०००** | **२७,२१,०००** |
| ९ | मानवश्रोत व्यवस्थापन तथा संस्थागत विकास | ९.१ प्रत्येक वडाका वडा प्रतिनिधि, राजनैतिक दल लगायत लाई मेडेपमोडल वारे तालीम दिने तालीम संख्या | संख्या | ९० | ० | ० | ० | ० | ९० |
| | | बजेट | | १८०००० | ० | ० | ० | ० | १८०००० |
| | | ९.२ लघु उद्यमीहरू लाई समूह, संघ हुदै जिल्ला लघु उद्यमी समूह संघमा आवद्ध गराइने उद्यमीको संख्या | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ |
| | | बजेट | | २५००० | २५००० | २५००० | २५००० | २५००० | १२५००० |
| | | ९.३ मानव स्रोत परिचालन गरिने संख्या | जना | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| | | EDF | जना | ४ | ४ | ४ | ४ | ४ | २० |
| | | Coordinator | जना | १ | १ | १ | १ | १ | ५ |
| | | DBA | जना | १ | १ | १ | १ | १ | ५ |
| | | AFA | जना | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | ९५०००० | ९५०००० | ९५०००० | ९५०००० | ९५०००० | ४७५०००० |
| | | ९.४ सेवा प्रदायक /सेवा ग्राही संस्थाहरू मेगा, उद्यम बिकास समिति समिति र अन्य सेवा प्रदायकलाई नेतृत्व अभिवृद्धि, मेडपा मोडेलको तालिम दिने तालीम संख्या | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ |
| | | बजेट | | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | ७५०००० |
| | | ९.५ मेगाहरु लाई प्रस्ताव, प्रतिवेदन लेखन तालिम दिने | जना | १० | १० | १० | १० | १० | ५० |

| सि.नं | प्रमुख कार्यक्रम | गतिविधि | इकाई | आर्थिक बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७५/७६ | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | जम्मा |
| | | बजेट | | २५००० | २५००० | २५००० | २५००० | २५००० | १२५००० |
| | | ९.६ उद्यमी तथा सरोकारवालाहरकलाई अवलोकन भ्रमण | | २४ | २४ | २४ | २४ | २४ | १२० |
| | | बजेट | | १५०००० | १५५००० | १६०००० | १६०००० | १६५००० | ७९०००० |
| | | ९.६ लघु उद्यम विकास समितिको बैठक संख्या | | ६ | ६ | ६ | ६ | ६ | ३० |
| | | बजेट | | ६०००० | ६०००० | ६०००० | ६०००० | ६०००० | ३००००० |
| | | **जम्मा बजेट** | | **१५,४०,०००** | **१३,६५,०००** | **१३,७०,०००** | **१३,७०,०००** | **१३,७५,०००** | **७०,२०,०००** |
| १० | प्रबिधिको विकास तथा प्रविधि परिबर्तन | १०.१ प्रबिधि परिवर्तन हुनसक्ने उद्यमको सम्भाव्यता अध्ययन | पटक | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | २५००० | २५००० | २५००० | २५००० | २५००० | १२५००० |
| | | १०.२ हाल भएको प्रबिधिमा परिर्वतन गर्ने सहयोग गरिने उद्यमको संख्या | संख्या | १० | १५ | १५ | १५ | १५ | ७० |
| | | बजेट | | १००००० | २००००० | २००००० | २००००० | १००००० | ८००००० |
| | | १०.३ साझा सुविधा केन्द्रको स्थापना | | १ | १ | १ | १ | १ | ५ |
| | | बजेट | | २५०००० | २५०००० | २५०००० | २५०००० | २५०००० | १२५०००० |
| | | **जम्मा बजेट** | | **३,७५,०००** | **४,७५,०००** | **४,७५,०००** | **४,७५,०००** | **३,७५,०००** | **२१,७५,०००** |
| ११ | लघु उद्यमीहरुको लागी घुम्ति कोषको रुपमा उद्यम विकास कोषको व्यवस्था | | | १०,००,००० | १०,००,००० | १०,००,००० | १०,००,००० | १०,००,००० | ५०,००,००० |
| **कूल जम्मा बजेट (१ देखी ११ सम्मको)** | | | | ६६,१३,८०० | ६७,७५,२०० | ७५,५९,४०० | ७३,०३,००० | ७४,६२,२०० | ३,५७,१३,६०० |

## ३.१३ जनशक्ति (Human Resource)

उद्यम विकासको लागि आवश्यक जनशक्ति मध्ये महत्वपर्ण भूमिका निर्वाह गर्ने उद्यम विकास सहजकर्ता हो । सामान्यतया एक वडामा एक उद्यम विकास सहजकर्ता मेडपा कार्यान्वयनका लागि आवश्यक पर्ने परिकल्पना गरिएको छ । साथै एकिकृत उद्यम विकासमा अन्य जनशक्ती पनि आवश्यक पर्ने हुँदन निम्न अनुसार जनशत्ती योजना तयार गरिएको छ ।

| सि. नं. | योजना कार्यान्वयनको लागि आवश्यक जनशक्ति विवरण ( पद/विज्ञता) | योजनाको लागि आवश्यक संख्या | स्थानीय तहमा हाल उपलब्ध संख्या | | | | | | नपुग जनशक्ति संख्या | नपुग जनशक्ति/सेवा प्राप्त गर्ने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सरकारी | गैरसरकारी | निजी क्षेत्र | विकास साझेदार | समुदाय | अन्य | | सम्भावित स्रोत | रणनीति |
| १ | EDF | ४ | | | | | | | ४ | प्रस्तावित बजेटबाट | |
| २ | Coordinator | १ | | | | | | | १ | | |
| ३ | DBA | १ | | | | | | | १ | | |
| ४ | AFA | १ | | | | | | | १ | | |
| | **जम्मा** | **७** | | | | | | | **७** | | |

## ३.१४ जिम्मेवारी तालिका (Responsibility Matrix)

| कार्यक्रम | प्रमुख जिम्मेवारी | | |
|---|---|---|---|
| | कार्यान्वयन | सहयोग | समन्वय |
| १. स्रोत सम्भाव्यता अध्ययन | गाउँपालिका, घरेलु, साझेदार संस्था | निर्वाचित जनप्रतिनिधीहरु, गाउपालिका र वडा कार्यालयहरु | EDC/ Municipalities or RMs |
| २. उद्यम विकासका लागि सामाजिक परिचालन | गाउँपालिका, घरेलु, साझेदार संस्था | निर्वाचित जनप्रतिनिधीहरु, गाउपालिका र वडा कार्यालयहरु | EDC/ Municipalities or RMs |
| ३. उद्यमशीलता विकास | गाउँपालिका, घरेलु, साझेदार संस्था | निर्वाचित जनप्रतिनिधीहरु, गाउपालिका र वडा कार्यालयहरु | EDC/ Municipalities or RMs |
| ४. प्राबिधिक सीप विकास | गाउँपालिका, घरेलु, साझेदार संस्था | निर्वाचित जनप्रतिनिधीहरु, गाउपालिका र वडा कार्यालयहरु | EDC/ Municipalities or RMs |
| ५. वित्तीय सेवामा पहुँच | गाउँपालिका, घरेलु, साझेदार संस्था | निर्वाचित जनप्रतिनिधीहरु, गाउपालिका र वडा कार्यालयहरु | EDC/ Municipalities or RMs |
| ६. उपयुक्त प्रविधि हस्तान्तरण | गाउँपालिका, घरेलु, साझेदार संस्था | निर्वाचित जनप्रतिनिधीहरु, गाउपालिका र वडा कार्यालयहरु | EDC/ Municipalities or RMs |

| कार्यक्रम | प्रमुख जिम्मेवारी | | |
|---|---|---|---|
| | कार्यान्वयन | सहयोग | समन्वय |
| ७. बजारसंगको सम्बन्ध विकास तथा व्यवस्थापन | गाउँपालिका, घरेलु, साझेदार संस्था | निर्वाचित जनप्रतिनिधीहरु, गाउपालिका र वडा कार्यालयहरु | EDC/ Municipalities or RMs |
| ८. व्यवसायिक परामर्श सेवा | गाउँपालिका, घरेलु, साझेदार संस्था | निर्वाचित जनप्रतिनिधीहरु, गाउपालिका र वडा कार्यालयहरु | EDC/ Municipalities or RMs |
| ९. संस्थागत विकास | गाउँपालिका, घरेलु, साझेदार संस्था | निर्वाचित जनप्रतिनिधीहरु, गाउपालिका र वडा कार्यालयहरु | EDC/ Municipalities or RMs |
| १०. सहभागितामूलक कार्य अनुसन्धान | गाउँपालिका, घरेलु, साझेदार संस्था | निर्वाचित जनप्रतिनिधीहरु, गाउपालिका र वडा कार्यालयहरु | EDC/ Municipalities or RMs |

## ३.१५ प्रतिवद्धता (Commitment)

स्थानीय तहका सबै साझेदार तथा सहयोगी संस्थाहरुको सहभागितामा तयार गरिएको यो उद्यम विकास रणनीतिक योजना कार्यान्वयनमा हामी हाम्रो संस्था, कार्यालय तथा व्यक्तिगततर्फबाट समेत प्रतिबद्धता व्यक्त गर्दछौ । यस योजनामा उल्लेख गरिएका नतिजा तथा सूचकहरु प्राप्त गर्नु हामी सबैको जिम्मेवारी हो । हामी स्थानीय विकासको नेतृत्व गरिरहेको स्थानीय तहबाट बजेट विनियोजन गर्ने गराउने कार्यमा लागि पर्नेछौं, अन्य सहयोगी निकाय वा विकास साझेदारबाट थप स्रोत साधन प्राप्त गर्नेछौ, र आ-आफ्नो क्षेत्रबाट स्रोत विनियोजन, लगानी र स्थानीय स्रोत साधन परिचालन गर्न सक्षम हुनेछौ भन्ने अपेक्षाका साथ यो रणनीतिक योजना स्वीकृत गरी यसको सफल कार्यान्वयनको लागि हामी पुनः हाम्रो प्रतिबद्धता जाहेर गर्दछौं ।

**तपसील**

| क्र.स. | पद | नामथर | ठेगाना | कार्यालय/निकाय/संस्था | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | स्थानीय तह | |
| | | | | विषयगत शाखा/ कार्यालय | |
| | | | | निजी क्षेत्र | |
| | | | | विकास साझेदार | |
| | | | | सामुदायिक संस्था | |
| | | | | वित्तिय संस्था | |
| | | | | बजारीकरण समूह | |
| | | | | उद्यमी व्यवसायि | |
| | | | | सेवा प्रदायक | |
| | | | | सङ्घ, सङ्गठनहरु | |
| | | | | समाजसेवी | |
| | | | | अन्य | |
| | | | | | |

# खण्ड-४: अनुगमन तथा मूल्याङ्कन

## ४.१ अनुगमन

गाउँ उद्यम विकास योजना तर्जुमा कार्यबिधि तथा कार्यान्वयन निर्देशिका, २०६६ अनुसार गाउँ/नगर उद्यम विकास योजनाका मुख्य मूल्याङ्कनकर्ता गाउँ/नगरपालिका नै हुनेछ। प्रशासनिक तथा अन्य भौतिक क्रियाकलापको कारणले गाउँपालिकाले एक्लै यी कार्य पुरा गर्न कठिनाई हुन्छ। यसकारण स्थानीय लघु उद्यमी सघं, सामुदायिक संस्थाहरु, स्थनीय निकायका कर्मचारी तथा गैरसरकारी संस्थाहरुको सहयोगमा यस्ता क्रियाकलापलाई बढी प्रभावकारी बनाउन सकिन्छ। अनुगमन तथा मूल्यांकन गर्न प्रयोग गरिने विधिहरु निर्देशिकाको भाग २ मा र उद्यमी अनुगमन विवरणको तालिका अनुसची ५ मा दिइएको छ। उपरोक्त फर्मेट तथा विधिलाई प्रयोग गरी गाउँपालिकाले एकीकृत अनुगमन तालिका बनाई कार्यक्रमको तर्कबद्ध योजनाका अनुरुप कार्यक्रमको प्रभावकारिता नियमित रुपमा अनुगमन तथा मूल्यांकन गर्न सकिनेछ।

अनुगमन मासिक, चौमासिक र वार्षिक गरिनेछ र प्रत्येक क्रियाकलापको अन्त्यमा सार्वजनिक परीक्षण गरिनेछ र कार्यक्रमको प्रगति विवरण गाउँपालिकाको बैठकमा छलफल गराउने तथा देखिएका कमिकमजोरीहरु सुधारका लागि निर्देशन, सुझाव सल्लाह दिई उक्त कमिकमजोरीहरु सुधारका लागी सम्बन्धित पक्षले Action Plan बनाई कार्यान्वयन गर्नु पर्दछ।

## ४.२ नतिजा मापन

योजनामा उल्लिखित लक्ष्यअनुसार नतिजा प्राप्त भयो भएन भनी थाहा पाउन नियमितरुपमा योजनाको समीक्षा, अध्ययन, सूचना सङ्कलन र व्यवस्थापन गर्नु पर्दछ। यसका लागि उपयुक्त सूचकहरु तयार गरी नतिजा मापन वार्षिकरुपमा गर्न सकिन्छ। यसका लागी मेड्पा निर्देशिका, २०७०, (२०७४ को संसोधन सहित) तथा गाउँ उद्यम विकास योजना तर्जुमा तथा कार्यान्वयन निर्देशिका २०६६ गाउँ उद्यम विकास समितिले लघु उद्यम विकास सम्बन्धी गाउँ स्तरमा भएका कार्यक्रमहरुको सार्वजनिक लेखा परीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु आयोजना गरि कार्यक्रमको नतिजा मापनका साथै जवाफदेहीता र पारदर्शिता सुनिश्चीत गर्ने छ। त्यसैगरी व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले सम्झौता बमोजिमको कार्य गरे नगरेको सम्वन्धमा नियमित अनुगमन तथा मुल्याङ्कन गरि उद्यम विकास समितिलाई जानकारी गराउने र लघु उद्यमीका उत्पादनहरुलाई बजार सुनिश्चीत गर्न सम्बद्ध निजी क्षेत्रका संघ संस्थाहरु संग अन्तरकृया छलफल परामर्श गरि कार्यक्रमका बिबिध पक्षहरुका साथै कार्यक्रमका मूल सुचांकको नतिजा मापन गर्नु पर्दछ।

## ४.३ प्रतिवेदन

कार्यक्रमको अनुगमन, मुल्यांकन तथा नतिजा मापन गरि सके पछि कार्यक्रमको अवस्था बारेमा देखिएका नतिजाहरुलाई दस्ताबेजीकरण गर्ने कार्य प्रतिबेदनले गर्दछ। कुनै पनि पक्षले कार्यक्रमको अनुगमन र मुल्यांकन गर्दा कार्यक्रमको अनुगमन तथा मुल्यांकन कार्यबिधि अनुसार प्रतिबेदन तयार गर्नु पर्नेछ। प्रतिबेदन मा कार्यक्रमको प्रगति, सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष का साथै आफुले देखे सुनेका र कार्यक्रमलाई प्रभावकारी बनाउनका लागी उपयुक्त लागेका कुराहरु समेत समेटनु पर्नेछ। कार्यक्रमको प्रतिबेदन कार्य सम्पन्न गरेको एक हप्ता भित्र सम्बन्धित निकायलाई बुझाई सक्नु पर्नेछ। कार्यक्रमको अनुगमनकर्ता वा मुल्यांकन कर्ताबाट प्राप्त प्रतिबेदनमाथी स्टाफ बैठकमा छलफल तथा समिक्षा गरि उक्त प्रतिबेदनमा उल्लेख गरिएका सम्पुर्ण पक्षहरुलाई केलाएर आगामी दिनमा नदोहरिने हिसावले आफ्नो कार्ययोजनामा समेटी अगाडी बढनु पर्दछ।

## ४.४ मूल्याङ्कन

सम्पन्न कामबाट निर्धारित लक्ष्य एवं उद्देश्यहरु हासिल भयो, भएन; प्रक्षेपित प्रभाव उत्पन्न भयो, भएन; लगानी सार्थक भयो, भएन; भनी स्वतन्त्र र निस्पक्ष ढङ्गबाट कुनै नीति, कार्यक्रमको लेखाजोखा गरी भविष्यका लागि दिशा निर्देश गरिने कामलाई मूल्याङ्कन भनिन्छ। मूल्याङ्कन सामान्यतया योजनाको मध्यावधि र अन्त्यपछि गरिन्छ। मध्यावधि मूल्याङ्कनबाट निर्धारित लक्ष्य र उपलब्धि प्राप्तिबारे यकिन गर्न सजिलो हुन्छ। साथै मध्यावधि मूल्याङ्कनपश्चात सूचकहरुमा थपघट गर्न सकिन्छ। मुल्यांकन आन्तररिक र बाह्य गरि दुबै पक्षबाट गर्नु पर्नेछ।

कार्यक्रमको आन्तरिक मुल्यांकनका लागी स्थानीय निकाय प्रमुखको संयोजकत्वमा ३ देखि ५ सदसीय समिति गठन गरि कार्यक्रमको मुल्यांकन गर्नु पर्नेछ। समितिमा एक जना कार्यक्रम बिज्ञ, एक जना सामाजिक क्षेत्रका बिज्ञ वा संचार


माध्यम बाट हुनु पर्नेछ। बाह्य मुल्यांकनका लागी स्थानीय क्षेत्रमा रहेका स्वतन्त्रदाताहरु बाट गराउनु पर्नेछ। मूल्यांकन कार्य गर्नु अघि सम्बन्धित योजनाको कार्ययोजनाका सुचांकहरुको आधारमा चेक लिष्ट तयार गरि निर्देशिका अनुसार कार्यक्रमको बारेमा मुल्यांकनकर्ताहरुलाई अभिमुखिकरण गरि श्रोत सामग्री समेत उपलब्ध गराउनु पर्नेछ । मुल्यांकनकर्ताको प्रतिबेदनका आधारमा कार्यक्रमलाई थपघट गर्न सकिनेछ।

प्रभाव भनेको कार्यकले गरेको लगानी बाट निस्किएका नतीजाहबाट योजनाको अन्त्यमा लक्षित बर्गले के कति फाईदा पाए र समाजमा त्यसको असर तथा नतीजाहरुको स्थायित्व कस्तो छ भन्ने नै हो। यसमा लागानीको सान्दर्भिकता, प्रभावकारिता तथा पर्याप्ता समेतको मूल्याँकन गरिन्छ। प्रभाव मूल्यांकनको मूल आधार योजनाको तर्कबद्ध योजनाको खाका हुने छ। तसर्थ यस योजनाको अन्य पछि स्वतन्त्र परामर्शदाताहरु बाट गाउँ तथा नगरपालिकाले यसको स्वतन्त्र मूल्याँकन गराई प्राप्त प्रतिवेदन बैठकमा छलफल गरी आएका सुझावहरुलाई आगामी योजनाहरुमा समेटिने छन।

# खण्ड-५: अनुसूचीहरु

## अनुसुची १ : लघुउद्यमी सृजना र विकास गर्ने कमिक प्रकिया

### लघु उद्यमी सिर्जना र विकास गर्ने क्रमिक प्रक्रिया



**अनुसुची २ : लघु उद्यम विकास तथा प्रवर्द्धनका लागि सरकारका तर्फबाट भएका नीतिगत व्यवस्थाहरु :**

१. त्रिबर्षीय योजना २०७०/०७१-२०७२ /०७३

२. औद्योगिक नीति २०६७

३. मौद्रिक नीति २०७०/०७१

४. वाणिज्य नीति २०६५

५. कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३

६. वन नीति : वन ऐन २०४९, वन नियमावली २०५१, कबुलियती वन नीति २०५८

७. नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको गाँउ/नगर उद्यम विकास योजना तर्जुमा कार्यविधि तथा कार्यान्वयन निर्देशिका २०६६

## अनुसुची ३ : सन्दर्भ सामाग्रीहरु

- लघु उद्यम रणनीतिक योजना तर्जुमा मार्गदर्शन २०७० (मेडेप) :
- नेपाल सरकार उद्योग मंत्रालयको गरीवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७० तथा ५ वर्षे रणनीतिक योजना (२०७०/०७१-२०७४/०७५)
- मिति २०७५ साल जेष्ठ ८ गतेको योजना तर्जुमा गोष्ठीबाट प्राप्त सूचनाहरु

**अनुसुची ४ : योजना तर्जुमा कार्यमा संलग्न जनशक्तिको बिवरण**

१. श्री लोकश लाल शाह , टिम लीडर (संयोजक)

२. श्री लोकेन्द्र प्रसाद पन्त, योजना विज्ञ

३. श्री पृथ्वी राज अवस्थी, योजना सहायक

## अनुसुची ५ : योजना तर्जूमा प्रारम्भिक गोष्ठीमा सहभागीहरुको नामावली

आज मिति २०७५ साल जेष्ठ ८ गते गैरालगाउँ कार्या[illegible]
उद्यम विकास योजना निर्माणको लागी सम्झौता [illegible]
उद्यम विकास कार्यान्वयन निर्देशिका माथी छलफल
तथा उद्यम विकास योजना पुर्व तयारी गोष्ठी [illegible]
डिलासैनी गाउँ पालिका का अध्यक्ष श्री उपेन्द्र बो[illegible]
ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थि[illegible]
मा सम्पन्न गरियो।

उपस्थिति

१. श्री उपेन्द्र बोहरा अध्यक्ष डिलासैनी गाउँ पालिका
२. श्री पार्वती भण्डारी राना उपाध्यक्ष डिलासैनी गाउँ पालिका
३. श्री चन्द्रदेव जोशी प्रमुख प्रशासकिय अधिकृत
४. धर्म सिंह राना वडा अध्यक्ष २
५. हिरादेवी नाथ वडा ६
६. मान बहादुर बोहरा वडा अध्यक्ष ५
७. हरि दत्त पन्त का.वा. अध्यक्ष वडा नं. ८
८. भगिरथ बोहरा वडा अध्यक्ष ३
९. कमला कठायत वडा सदस्य ६
१०. जानकी ऐरी वडा सदस्य ३
११. किस्मति बोहरा वडा सदस्य ४
१२. विष्णुकला जोशी म.स. ५
१३. प्रेम सिंह माल लघु उद्यम ६
१४. धर्मानन्द जोशी ना.प्र.स.प्र. डिलासैनी गा.पा.
१५. अपर नाथ [illegible] सदस्य
१६. राम बहादुर ऐरी वडा अध्यक्ष ४
१७. लक्ष्मण ऐर वडा सदस्य ६
१८. प्रेमसिंह धामी (वडा अध्यक्ष ७)
१९. जयदेव जोशी (वडा सदस्य) वडा नं ५

P.T.O

(२०) हरेन्द्र प्रसाद जोशी - शिक्षा उपशाखा संयोजक
(२१) नन्द राज पन्त - डिलासैनी गा.पा. ६ नं. वडा अध्यक्ष
(२२) बल बहादुर मान ,, ,, वडा ६ अध्यक्ष
(२३) इन्द्र देव शरन भट्ट DMECCA बैतडी अध्यक्ष
(२४) बलराम शर्मा - लघु उद्यम विकास कार्यक्रम
(२५) लोकेश लालशाह - ORDS, संयोजक
(२६) चन्द्रा रावल वडा ३ सदस्य
(२७) नागेन्द्र प्रसाद भट्ट परियोजना संयोजक
(२८) धुरा लुहार कार्यपालिका सदस्य
(२९)
(३०) कलावती लुहार वडा ६ सदस्य
(३१) विरेन्द्र भट्ट -
(३२) जसकल ... राना ... अध्यक्ष
(३३) जमुना जागरी - वडा ४
(३४) नविन बहादुर राना IT officer
(३५) जनक ब सिंह ... संयोजक
(३६) रमेश भट्ट स्थानीय समाज सेवी
(३६) हरिना जोशी ,, ,, ,,
(३७) ललिता कार्की ,, ,, ,,

निर्णय नं. १

डिलासैनी गाँउ पालिकाको ५ वर्षे उद्यम विकास योजना निर्माण गर्नको लागि डिलासैनी गाँउ पालिका, लघु उद्यम विकास कार्यक्रम तथा परामर्श दाता सँग त्रिपक्षिय सम्झौता गरियो। उक्त उद्यम विकास योजनाको लागी लघु उद्यम विकास कार्यक्रमले व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णय नं. २

डिलासैनी गाँउ पालिकामा गरिबी निवारणको लागि उद्यम विकास कार्यक्रम संचालन निर्देशिका नीति नियम तथा मेण्टर मोडेल सम्बन्धी कार्य प्रक्रिया बारे जानकारी लिइयो।

निर्णय नं.३ विगतका लघु उद्यम विकास कार्यक्रमहरु मार्फत लघु उद्यमीहरु मध्ये ४ जना लघु उद्यमीहरुलाई स्वरोजगारी प्रमाणपत्र प्रदान गरियो ।

निर्णय नं.४ डिलासैनी गाउँपालिकाको उद्यम विकास योजना निर्माणमा सहयोग गर्न को लागि देहायबमोजिमको समिति गठन गरियो

९८०६४८५२८६ (१) श्री पार्वती भण्डारी राना संयोजक एवं उपाध्यक्ष
९८६८६५४५४३ (२) श्री विरेन्द्र भट्ट वडा नं १ सदस्य
९७०४६०५२८१ (३) श्री धर्म सिंह राना वडा अध्यक्ष वडा नं २
९८४८८९०८३० (४) श्री भागीरथ बोहरा वडा अध्यक्ष " ३
९८६५८५५६५१ (५) श्री हरिदत्त पन्त " सदस्य वडा नं ४
९८४४५०३८१६ (६) श्री विमला जोशी " सदस्य " ५
९८४८८२१८६२ (७) श्री अम्बा राना " " " ६
९८६५९०१५२३ (८) श्री कलावती लुहार " " ७

## अनुसुची ६ : योजना तर्जूमा अन्तिम गोष्ठीमा सहभागीहरुको नामावली

Page No. ____
Date

डीलासैनी गाउँपालिका को उद्यम विकास रणनीतिक योजना को मस्यौदा माथी छलफल गर्न र पृष्ठपोषण प्रदान गर्न गाउँपालिका अध्यक्ष श्री उकेन्द्र बोहरा ज्यू अध्यक्षता मा बस्यो जसमा तपाईहरु उपस्थिति मा निर्णयहरु गरीए।

स्थान :- डिलाशैनी गा०पा०, बैतडी

मिति :- २०७५।३।१५

तपाईहरु :-

१. श्री उकेन्द्र बोहरा, अध्यक्ष डी. गा.पा.
२. [illegible] बं० मान् वडा अध्यक्ष ६ नं
३. धर्म सिंह राना वडा अध्यक्ष डी. वडा नं. २
४.
५. विमला पन्त जोशी
६. [illegible] मान बहादुर
७. लोकेन्द्र बं [illegible]
८. परमल सिंह बोहरा, वडा-४, अध्यक्ष
९. अक्कल ब० राना - वडा अध्यक्ष-१
१०. चन्द्र देव जोशी - प्र. प्र. अ.
११. मदन सिंह धामी, सचिव

निर्णय नं-१ उद्यम विकास योजना को मस्यौदा माथी छलफल गरी आवश्यक पृष्ठपोषण प्रदान गरी आ.व. ०७५/०७६ देखि लागु गर्ने गरी अनुमोदन गरीयो।

## अनुसुची ७ : समस्या विश्लेषण तालिका

| **समस्या विश्लेषण तालिका :** | | | | | |
|---|---|---|---|---|---|
| **समस्या तथा सवालहरु** | **प्रतिफल** | **समस्याका कारणहरु** | **अर्न्तनिहित कारण** | **समाधानका उपायहरु** | **रणनीति** |
| प्राकृतिक स्रोत आँकलन नभएको | सम्भावित उद्यमहरुको योजना बनाउन नसकिएको | ▪ प्राविधिक दक्ष जनशक्तीहरु नहुनु | ▪ सम्वन्धित सस्थाले सहयोग नगरेको<br>▪ श्रोत आँकलन सम्वन्धी तालिम नपाएको | ▪ श्रोत आँकलन सम्वन्धी प्राविधिक तालिमको व्यवस्था<br>▪ श्रोतहरुको स्थलगत निरीक्षण | ▪ वन कार्यालय र वनसंग सम्वन्धित निकायहरुसंग समन्वय गर्ने |
| विजुली विस्तार नभएको | विधुत शक्तीको प्रयोगमा संचालन हुने उद्यमहरुको स्थापना गर्न नसकिएको | ▪ नेपाल सरकारले विधुत विस्तार गर्न नसकेको | ▪ समुदायले सशक्त रुपमा माग राख्न नसकेको<br>▪ स्थानिय स्तरमा सम्भावना नभएको | ▪ विधुत विस्तारको लागि सम्बन्धित निकायमा माग गर्ने | ▪ गाउपालिका र राजनीतिक दलहरुको संयूक्त प्रयासबाट सम्बन्धित निकायमा पहल गर्ने |
| लघु कर्जा सहज र सरल तरीकाले उपलब्ध नभएको | आवश्यकता अनुसार उद्यम व्यवसाय संचाालनको लागि ऋण पाउन नसकि उद्यमहरु स्थापना गर्न नसकेको | ▪ सिमति सदस्यहरु मात्र सहकारीमा आवद्ध<br>▪ बाहिरि लघु वित्तिय संस्थाहरु उपस्थित नहुनु | ▪ सबै घरधुरीबाट सहकारीका सदस्यहरु हुन नसक्नु<br>▪ सहकारीमा थोरै बचत गर्ने | ▪ सहकारीमा बचतको मात्रा बढाउदै लैजाने<br>▪ बाहिरी वित्तिय संस्थाहरुको उपस्थितिको लागि पहल गर्ने | ▪ लघु वित्तिय संस्थाहरुलाई समुदायमा भित्रयाउनको लागि समन्वय गर्ने |
| उपयूक्त प्रविधि सम्बन्धि जानकारी नभएको | उद्यम स्थापना र संचालनमा प्रयोग नभएको | ▪ दुर्गम वस्ती र सानो बजार<br>▪ सुचना र जानकारीको कमी | ▪ सुचना संकलन गर्न नसक्नु<br>▪ प्रविधि सम्बन्धि ज्ञानको कमी | ▪ भ्रमण तथा अवलोकन गर्ने<br>▪ प्रविधि खरिद तथा व्यवस्थापन गर्ने | ▪ गाउपालिका र सहकारीहरुले प्रविधि सम्बन्धि काम गर्ने संस्थाहरुसंग समन्वय गरि प्रविधि भित्राउने |
| दक्ष जनशक्तीको अभाव | स्थानिय स्तरमा आवश्यक श्रोत व्यक्तिहरुको सहजीकरणमा अभाव | ▪ स्थानिय व्यक्तिहरुलाई दक्ष जनशक्तीको रुपमा विकास गर्ने गरि प्राविधिक सीप विकास कार्यक्रमहरु संचालन नभएको | ▪ स्थानिय समुदायको जनचाहाना र सीप सदुपयोगको निरन्तरतामा कमी | ▪ स्थानिय स्तरमा प्राविधिक सीप विकास कार्यक्रमहरु संचालन गर्ने | ▪ स्थानिय स्तरमा प्राविधिक शिक्षलयहरु स्थापना र संचालन<br>▪ प्राविधिक सीप विकास कार्यक्रम संचालन गर्ने संस्थाहरुसंग समन्वय गरि कार्यक्रमहरु संचालन गर्ने |

*श्रोत: फिल्ड सर्वेक्षण, २०७४*

**☎ समाप्त ☎**